# विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना, २०८०

मालारानी गाउँकार्यपालिकाको कार्यालय, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

# मालारानी गाउँपालिका

# विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना–२०८०

## Disaster Preparedness and Response Plan (DPRP)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**मालारानी गाउँपालिकाको कार्यालय, अर्घाखाँची**

**लुम्बिनी प्रदेश, नेपाल**

**२०८०**

दस्तावेज : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८०, अर्घाखाँची

प्रकाशक : स्थानीय विपद व्यवस्थापन समिति, मालारानी गाउँपालिका,अर्घाखाँची

प्रकाशन मिति : २०८०

प्राविधिक सहयोग : नेपाल रेडक्रस सोसाईटी, अर्घाखाँची

सर्वाधिकार : मालारानी गाउँपालिका,अर्घाखाँची

आर्थिक सहयोग :मालारानी गाउँपालिका, अर्घाखाँची र नेपाल रेडक्रस सोसाईटी, अर्घाखाँची

# शुभकामना

नेपाल प्राकृतिक विपद्को दृष्टिले अति जोखिमपुर्ण देश हो । अर्घाखाँची जिल्ला अर्न्तरगतको तीनवटा गाउँपालिका मध्ये मालारानी गाउँपालिका एक हो । यो गाउँपालिकामा प्रकोप र यस बाट हुने विपद्हरुलाई हेर्दा पहिरो, बाढी, आगलागी तथा डढेलो, भूक्षय, हुरीबतास, शीतलहर, सुख्खा खडेरी,महामारी, हिमपात, सडक दुर्घटना, भुकम्प र बन्यजन्तुको आक्रमण दोहोरिरहने तथा वर्षेनी आईरहने प्रकोपको रुपमा रहेका छन भने भुकम्प पनि मानवीय,भौतिक तथा आर्थिक क्षति गर्ने प्रकोपका रुपमा देखापरेको छ । यसका अलावा खडेरी खेतिबालिमा लाग्ने रोगहरुले वर्षेनी क्षति पुर्‍याएको छ ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले मुख्य रुपमा नितिगत ब्यवस्थामा सुधार गरि विपद् ब्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा ब्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सम्पत्तिको संरक्षण गर्न सहयोग गर्दछ । विपद्जन्य परिस्थितिको सामाना गर्न प्रकोप पूर्वसुचना प्रणालीको विकास मार्फत सम्भाब्य सबै प्रकारका प्रकोपको पुर्व सुचना दिने विपद् ब्यवस्थापनका सबै चरणहरुमा समुदाय र विभिन्न क्षेत्रको सक्रिय सहभागिता बढाउने किसिमका कार्यक्रमहरु संचालन गर्दै विपद् ब्यवस्थापनको क्षेत्रमा, विपद् पुर्व, विपद्का समयमा र विपद् पश्चात विषयगत कार्यक्षेत्रअनुसार तत्काल लेखाजोखामा एकरुपता कायम गर्ने, विपद्वाट पर्ने असरहरुलाई न्युन गर्न तथा विपद् जोखिम हस्तान्तरण गर्ने प्रक्रियालाई ब्यवस्थित गर्नका लागि विपद् जोखिम न्युनिकरण प्रणाली लाई समेत शुरुवात गर्न यो प्रतिकार्य योजना निमार्ण गरिएको छ ।

मालारानी गाउँपालिका, स्थानीय विपद् ब्यवस्थापन समिति, निजी क्षेत्रका प्रतिनिधिहरु, गैरसरकारी संस्था, पत्रकार, वुद्धिजीवि, वडा कार्यालय तथा वडा स्तरीय विपद् ब्यवस्थापन समिति, शिक्षक, महिला बालवालिका, तथा स्थानीय समुदायको सक्रिय सहभागितामा गाउँपालिकाको संकटासन्नता तथा जोखिम विश्लेषण गरी यो योजनामा समावेश भएको छ । विपद् ब्यवस्थापनका क्रियाकलापहरु संचालन गर्न गाउँपालिकाको तर्फवाट प्रतिवद्धता ब्यक्त गर्दै यसको कार्यान्वयनको लागि सम्पुर्ण सरोकारवालाहरुलाई अनुरोध गर्दछु । यो योजना तयार गर्न सहयोग गर्नुहुने रेडक्रस सोसाइटी प्रति हार्द्धिक आभार प्रकट गर्दछु ।

**दल बहादुर भट्टराई**
**अध्यक्ष**

# शुभकामना

नेपालको कमजोर जटिल र विविधतायुक्त भुबनोट कमजोर भौतिक संरचना निमार्णले गर्दा वाढी,पहिरो, भुकम्प,आगलागि,चटयाङ्ग, असिनापानी, खडेरी लगायत बहुप्रकोप भएको देश हो विश्वमान चित्रमा नेपाल भुकम्पीय जोखिमका हिसावले एघारौं स्थानको जोखिममा जलवायु परिवर्तनका हिसावले चौथो र पानीजन्य रोगका कारणले तिसौ स्थानको जोखिम पर्दछ जसवाट मालारानी गाउँपालिका पनि यी जोखिमवाट अछुतो छैन । विपद् उत्थानशिल समाज निमार्णका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशीलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहिकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भईसकेको छ ।

यस परिपेक्षमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) (न) र संघीय प्रणाली बमोजिम स्थानीय तहको विपद् व्यवस्थापन अधिकार, जिम्मेवारी र दायित्व बहन गर्न विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ अनुरूप गाउँपालिकाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

अतः यो विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निमार्ण गर्ने क्रममा विभिन्न क्षेत्रबाट सहयोग पुर्‍याउनु हुने स्थानीय विपद् व्यवस्थापन समिति, रेडक्रस सोसाइटी लगायत सरोकारवालाहरू सवैमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ ।

अन्तमा, यो योजना सबैका लागि उपयोगी र प्रेरणादायी स्रोत बनोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

**दीपा पोखेल**

**उपाध्यक्ष**

# शुभकामना

आकस्मिक घटना भएकोले विपद्लाई  रोक्नु मानव क्षमता भन्दा बाहिरको कुरा भएता पनि पूर्वतयारी योजनाबाट यसको प्रभाव तथा क्षतिलाई न्यूनिकरण गर्न सकिने तथ्य विभिन्न अध्ययन तथा हाम्रा आफ्नै अभ्यासहरुबाट समेत प्रमाणित भैसकेको छ । प्रकोपको दृष्टिकोणले संवेदनशील मानिएको मालारानी गाउँपालिका, अर्घाखाँचीमा जलवायू परिवर्तन, पहिरो तथा आगलागीजस्ता प्राकृतिक एंवम महामारी तथा रोगव्याधिजन्य प्रकोपहरुबाट वर्षेनी ठुलो जनधनको क्षति हुने गरेको छ । यस समस्यालाई आत्मसात गर्दै यस गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० निर्माण भएको छ ।

मालारानी गाउँपालिकामा विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८०, मालारानी गाउँपालिकामामात्र सिमित नभएर प्रकोप व्यवस्थापनको क्षेत्रमा एउटा जीवन्त दस्तावेजको रुपमा स्थापित हुनेमा विश्वस्त छु । अन्य पालिकाहरुमा पनि यसको प्रभाव देखिने छ । यस गाउँपालिकास्तरिय विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाले प्रकोपको क्षेत्रमा देखा पर्नसक्ने थप जटिलताहरु लाई समेत सम्वोधन गर्दै प्रकोप व्यवस्थापनको कार्यलाई अझै प्रभावकारी, जिम्मेवारीपूर्ण र जवाफदेही बनाउनेछ भन्ने विश्वास लिन सकिन्छ ।

नेपालको संविधान, २०७२ ले विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको साझा अधिकारको सूचीमा राखेको छ । यसै आधारमा यस गाउँपालिकाले विपद्को प्रभावकारी प्रतिकार्य तथा त्यसको लागि पर्याप्त पूर्वतयारीको लागि प्रकोप, संकटासन्नता तथा क्षमता लेखाजोखाको आधारमा यस गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ । विपद् व्यवस्थापन सम्बन्धि आफ्नै आन्तरिक श्रोत, विकास साझेदार संस्थाहरूको सहायता तथा निजी एवंम सामाजिक क्षेत्रसँगको साझेदारीमा यस योजनाको कार्यान्वयन हुनेछ । विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई सम्बन्धित विषय क्षेत्रगत योजना तथा कार्यक्रमहरूसँग समायोजना र एकिकरण गरी विपद् जोखिम सुसूचित विकासको अभ्यास मार्फत यस गाउँपालिकाको उत्थानशीलता विकास गरिनेछ । यस योजनाको कार्यान्वयनबाट विपद् जोखिम न्यूनीकरण गर्दै विपद्का कारण हुने क्षति एवंम नोक्सानी घटाउन गाउँपालिकालाई सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

अतः यो गाउँपालिका स्तरिय विपद् पुर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण गर्ने क्रममा विभिन्न क्षेत्रबाट सहयोग पुर्‍याउनु हुने गाउँकार्यपालिका स्तरिय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, वडा सचिव, सम्पुर्ण गाउँपालिकाका कर्मचारी, विषयगत शाखा, प्राविधक रुपमा सहयोग गर्ने नेपाल रेडक्रस सोसाइटी, अर्घाखाँची लगायत सरोकारवालाहरू सवैमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ ।

अन्तमा, यो योजना सबैका लागि उपयोगी र प्रेरणादायी स्रोत बनोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

**चेत नारायण कडेल**

**प्रमुख प्रशासकिय अधिकृत**

## शब्द संक्षेप

| | |
|---|---|
| गै.स.सं. | गैर सरकारी संस्था |
| ला.पा | स्थानीय अनुकुलन योजना |
| जि.प्र.काः | जिल्ला प्रशासन कार्यालय |
| जि.प्र.काः | जिल्ला प्रहरी कार्यालय |
| जि.स.स.का | जिल्ला समन्वय समितिको कार्यालय |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| ने.से. | नेपाली सेना |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाईटी |
| आ.व. | आर्थिक वर्ष |
| म.स्वा.स्व.से. | महिला स्वास्थ्य स्वयं सेविका |
| सा.वि | सामुदायिक विद्यालय |
| स्वा.से. | स्वास्थ्य सेवा |
| सा.वि.व्य.स. | सामुदायिक विपद् व्यवस्थापन समिती |
| गा.सा.स. | गाउँ सामुदायिक समिति |
| लै.स.सा.स | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |

## विषय सूची


परिच्छेद १: परिचय, योजनाको पृष्ठभूमि र उदेश्य १०
१.१ पृष्ठभूमि १०
१.२ विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य १०
१.३ योजनाको आवश्यकता तथा महत्व ११
१.४ विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया ११
१.५ योजना कार्यान्वयन रणनितिहरु १३
१.६ विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा १३
१.७ विपद् पुर्वतयारीतथा प्रतिकार्य योजनाको आवश्यकता तथा औचित्य १३
परिच्छेद २: विपद् जोखिम र व्यवस्थापनको अवस्था १५
२.१ अर्घाखाँची जिल्लाको परिचय १५
२.२ गाउँपालिकाको संक्षिप्त परिचय १५
२.५.सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र ४०
२.६ कानुनी तथा संस्थागत व्यवस्था ( सम्बन्धित गाँउ/पालिका, जिल्लामा भएका ) ४०
२.७ प्रकोपको पहिचान तथा स्तरीकरण ४१
२.८ जोखिम विश्लेषण ४२
२.९. क्षमता विश्लेषण ४३
२.१० प्रकोप पात्रो ,मौसमी पात्रो , बाली तथा बनस्पती पात्रो विश्लेषण ४३
२.११ प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली बिश्लेषण ४६
परिच्छेद ३: पूर्वतयारी तथा प्रतिकार्य योजना ४८
३.१ विषयगत क्षेत्रहरू तथा जिम्मेवार निकाय ४८
३.२ सामान्य पूर्वतयारी योजना ५१
३.३ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ५९
३.४ आपत्कालीन प्रतिकार्य योजना ६४
परिच्छेद ४: बन्दोबस्तीका सामग्री उपलब्धता तथा आवश्यकताको लेखाजोखा ६७
४.१ स्रोतरसाधनको वर्तमान अवस्था तथा क्षमता विश्लेषण ६९
४.२ आपतकालिन अवस्थाका लागि हेलिप्याड अवतरण गर्ने स्थान (खुल्लास्थान) ७०
४.३ विपद् पश्चात सुरक्षित आश्रयस्थल वडागत ७१
४.४ मालारानी गाउँपालिका विपद् प्रतिकार्यका लागि उपलब्ध सामाग्री विवरण ७१
४.५ अन्य आवश्यकताहरु ७२
परिच्छेद ५: विविध ७४
५.१ आर्थिक श्रोत र उपलब्ध हुने विधि ७४
५.२ अन्य निकायहरु सँगको समन्वय र सहकार्य ७४
५.३ अनुगमन मुल्याकन तथा सिकाई ७४
५.४ अनुगमन, मूल्याङ्कन तथा सिकाई संयन्त्र ७५
५.५ क्षमता विकास ७६
५.६ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन र पृष्ठपोषण ७६
अनुसुचिहरु ७७
अनुसूची १ : पालिका स्थीत विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुको नामावली ७७
अनुसुचि २. प्रारम्भिक द्रुत लेखाजोखा समिति ७८
अनुसूची ३. विषयक्षेत्रगत कार्यसमूहहरूको विवरण (परिच्छेद २ सँग सम्बन्धित) ७९
अनुसूची ४ : प्राथमिक उपचार सम्बन्धि तालिम प्राप्त जनशक्ति विवरण ८२
अनुसूची ५ : IRA तालिम प्राप्त जनशक्ति विवरण ८३
अनुसूची ६: CADRE तालिम प्राप्त जनशक्ति विवरण ८४
अनुसूची ७: मानवीय सहयोग सम्बन्धी मापदण्ड (गैह्र खाद्यतर्फ ) ८५
अनुसूची ८ :मानवीय सहयोगसम्बन्धी मापदण्ड (खाद्यतर्फ) ८६
अनुसूची ९: विपद् प्रारम्भिक द्रुत लेखाजोखा फाराम ८७
अनुसूची १०: स्थानीयस्तरमा उद्धार तथा राहत कार्यमा संलग्न निकाय तथा संस्थाहरु ९२

# परिच्छेद १: परिचय, योजनाको पृष्ठभूमि र उद्येश्य

## १.१ पृष्ठभूमि

नेपालमा हरेक वर्ष बाढी, पहिरो, आगलागी, महामारी, हावाहुरी, शीतलहर,जस्ता विभिन्न प्रकारका विपद्हरूको सामना गरिरहनुपरेको छ । गृह मन्त्रालय र यू.एन.डि.पि को श्रोत अनुसार नेपालमा हरेक वर्ष ४२० वटा विपद्का घटनाहरु घटने, १ हजार जनाको मृत्यु हुने, ८० जना हराउने, १ लाख ३५ हजार प्रभावित हुने, १६ हजार परिवार विस्थापित हुने र ठूलो संख्यामा भौतिक क्षति हुने तथ्यांक छ । त्यसैगरी नेपालका २ हजार ३ सय १५ वटा हिमताल मध्ये २२ वटा विष्फोट हुने खतरामा रहेका छन् (ICIMOD /UNEP 2000)। विपद्को हिसावले नेपाल संसारमा अति संवेदनशील (Hot Spot) क्षेत्रमा अवस्थित छ । विश्वमा विपद्को कारणले जोखिममा रहेका २० वटा देशहरु मध्ये नेपाल पनि पर्दछ । जलवायु परिवर्तनको प्रभावबाट हुने विपद्मा विश्वमा नेपाल छैठौं स्थानमा, भूकम्पको दृष्टिले ११ औं र बाढी/पहिरोको दृष्टिले ३० औं स्थानमा पर्दछ भने दुई वा दुई भन्दा बदी विपद्को सामना गर्ने देशमा नेपाल दोश्रो स्थानमा पर्दछ ।

अधिकार बाँडफाट सम्बन्धी संवैधानिक व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ ले व्यस्वस्था गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी स्थानीय सरकारको अधिकार तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय नीति, २०७५ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, २०१८–२०३० को लक्ष्य र मार्गदर्शनले निर्देशन गरे अनुसार मालारानी गाउँपालिकाको विपद् प्रतिकार्यलाई चुस्त दुरूस्त एवं प्रभावकारी बनाउन र त्यसको लागि आवश्यक पूर्वतयारी गर्न जरुरी छ ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट विश्वमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी बृद्धि भैरहेको छ । यस गाउँपालिका पनि पछिल्लो समयमा यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सकेको छैन । यस गाउँपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, अनुरूप यस गाउँपालिकाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० तयार गरेको छ ।

## १.२ विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

प्रकोपको घटनाले निम्त्याउन सक्ने आपत्कालिन अवस्थामा हुने जनधनको क्षति न्यूनिकरण गर्न र आपत्कालिन समयमा जनधनमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य हो । यस योजनाका अन्य उद्देश्यहरु निम्नअनुसार छन् ।

१. भविष्यमा हुन सक्ने संभावित विपद्लाई ध्यानमा राखी धनजनको क्षति कम गर्न समुदायमा पूर्व तयारी कार्यहरु गर्नु,
२. विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल खोज तथा उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउनु,
३. विपद्बाट प्रभावित समुदायलाई सुरक्षित स्थानमा सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग जस्तै गांस, वास, कपास, शिक्षा, खानेपानी र स्वास्थ्य सेवा उपलब्ध गराउनु,
४. उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन-स्रोतको खोजी गरी नेपाल सरकार र गाउँपालिकास्तरिय विपद व्यवस्थापन समितिबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा सङ्घ संस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु ।
५. संकटासन्न समुहका गर्भवती र सुत्केरी महिला, वालवालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक र एचआईभी संक्रमित व्यक्तिहरुलाई विशेष प्राथमिकता दिएर सहयोगका कार्यहरु गर्नु र उनीहरुको संरक्षण गर्नु ।

## १.३ योजनाको आवश्यकता तथा महत्व

नेपालको भूधरातल, प्रकोप संग जुध्न सक्ने कमजोर क्षमता आदिले नेपालले आपत्कालिन अवस्थाको लागि पूर्वतयारी गर्नु आवश्यक देखिन्छ । विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरु मध्ये पूर्वतयारी विपद् आउनु भन्दा अगाडी र प्रतिकार्य योजना विपद् परे लगत्तै स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्को यो समय ज्यादै संवेदनशील भएकोले यस समयमा गरिने मानवीय सहयोग महत्वपूर्ण रहने हुनाले योजनाको ठूलो महत्व रहन्छ । विना योजना र तयारीको अवस्थामा विपद्को अवस्था आयो भने धेरै ठुलो धनजनको क्षति हुन जान्छ र मानिसहरुले धेरै दु:ख पाउंछन । तर व्यवस्थित तरिकाले योजना निर्माण गरी सोही अनुसारको पूर्वतयारी गर्न सकेमा विपदको अवस्थामा पनि हुन सक्ने जोखिम र क्षतिलाई कम गर्न सकिन्छ । विपद्ले फेरि पुन अर्को विपद आउन दिनु हुदैन । त्यसैले यो योजनाको विशेष महत्व रहेको छ । साथै यस योजनामा विभिन्न विषयगत क्षेत्रले आ–आफनो विशेषज्ञता र दक्षता अनुसार सेवा प्रदान गर्दछन् जसले गर्दा प्रभावित भएका समुदायका सवै वर्गहरुले र सवै क्षेत्रहरुको सहयोग प्राप्त गर्न सक्ने अवस्था रहन्छ ।

## १.४ विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया

विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने क्रममा गाउँपालिका संग पटक पटक छलफल भै योजना बनाउने सहमति भएको थियो । यस पश्चात संचालन गरिएका प्रक्रियाहरु निम्न अनुसार रहेका छन् :

**दस्तावेजहरुको अध्ययन:** गाउँपालिकामा रहेका विभिन्न विपद संग सम्वन्धित दस्तावेजहरु जस्तै, गाउँपालिकाको वडा तहको सूचनाहरु, तालिम प्राप्त जनशक्तिहरु, खोज तथा उद्धारका सामग्रीहरु आदि अध्ययन गरिएको थियो ।

**प्रारम्भिक गोष्ठी:** विपद पूर्व तयारी तथा प्रतिकार्य योजना बनाउने क्रममा गाउँपालिका स्तरका मुख्य सरोकारवालाहरु जस्तै सुरक्षा निकाय, पत्रकार, उद्योग वाणिज्य संघ, होटेल व्यवसायी संघ, जनप्रतिनीधीहरु, वडा अध्यक्षहरु, गैर सरकारी संस्थाका प्रतीनीधीहरु, दलित, जनजाती, महिला, अपांग आदिको सक्रिय सहभागितामा गरिएको थियो । साथै गोष्ठीमा योजनाले विशेष गरेर प्रभावकारी प्रतिकार्य गर्न विभिन्न संघ संस्थाहरुले साथै गाउँपालिकाले गर्नुपर्ने पूर्वतयारीको वारेमा छलफल गरिएको थियो । साथै संभावित विपदको परिदृश्य र गाउँपालिकाले गर्नुपर्ने न्यूनतम तयारी, विभिन्न ८ वटा विषयगतक्षेत्रको (क्लष्टरहरु) पहिचान र सो विषयगतक्षेत्रका जिम्मेवारी वहन गर्ने पदाधिकारी छनौट आदि गरिएको थियो साथै गाउँपालिका स्तरमा अगुवाई गर्ने संस्थाको रुपमा नेपाल रेडक्रस सोसाईटी उपशाखा लाई छनौट गरियो ।

**विषयगत क्षेत्र विच गोष्ठी, छलफल र योजना तर्जुमा:** पहिलो गोष्ठीले तय गरेको छलफलको आधारमा ८ वटा विषयगत क्षेत्रको पुन एक दिनको योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो । यस गोष्ठीमा क्लष्टरमा रहेको अगुवा तथा सहयोगी संस्थाहरुको सहभागिता रहेको थियो । सहभागीमूलक रुपमा क्लष्टरको संभावित विपद्को परिदृश्य, क्लष्टरको उद्देश्य, प्रतिकार्य गर्ने क्रियाकलापहरु र त्यसका लागि आवश्यक पर्ने पूर्वतयारीका कार्यहरु तय गरिएको थियो ।

**मस्यौदा लेखन**: सवै विषयगत क्षेत्रले योजना तयार गरिसकेपछि सो योजनालाई एकिकृत गरी परामर्शदाताले मस्यौदा विपद पूर्वतयारी र प्रतिकार्य योजना तयार गरेको थियो ।

**मस्यौदा योजना छलफल गोष्ठी**: मस्यौदा योजना माथि छलफल गाउँपालिकाका प्रमुख सरोकारवालाहरु संग छलफल गरियो । उक्त गोष्ठीबाट आएको सुझवहरुलाई समेटेर अन्तिम योजना तयार गरियो ।

**गाउँसभाबाट योजनाको अनुमोदन:** गाउँसभाको सोह्रौ अधिवेशनको पहिलो बैठकबाट योजनालाई अनुमोदन गरियो ।

## १.५ योजना कार्यान्वयन रणनितिहरु

१. विपद पुर्वतयारी तथा प्रतिकार्य योजनालाई स्थानीय विपद व्यवस्थापन समिति मार्फत गाउँपालिकाको गाउँसभाबाट अनुमोदन गरेर बैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ ।

२. आपत्कालिन प्रतिकार्यको लागि गरिने पूर्वतयारी तथा प्रतिकार्यका क्रममा क्षेत्रगत रुपमा रहेका दक्षता, ज्ञान, सीप, विधिको प्रयोगका लागि समन्वयमा जोड दिइनेछ ।

३. स्थानीय ज्ञान, सीप, विधि, प्रविधि र श्रोत तथा साधनको अधिकतम उपयोग गरी यस योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

४. आपतकालिन अवस्थामा प्रतिकार्यका गतिबिधिहरुमा एकरुपता ल्याइ दोहोरोपन नहुने गरी उपलब्ध श्रोत तथा साधनको सदुपयोग गरेर समन्वयात्मक तथा पारदर्शी तरिकाले समयमा नै विपद्मा परेका परिवारहरुलाई बिषयगत क्षेत्र अवधारणा (Cluster Approach) अनुसार एकद्धार प्रणाली मार्फत मानवीय सहयोग उपलब्ध गराइने छ ।

५. योजना तयार भई कार्यान्वयनमा आएपछि स्थानीय विपद व्यवस्थापन समितिबाट कार्यान्वयनको प्रभावकारी अनुगमन सुपेरीवेक्षण तथा मूल्यांकनको व्यवस्था गरिने छ ।

६. गाउँपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्का कारण संकटासन्नता, क्षमता र जोखिममा आउन सक्ने परिवर्तनलाई मध्यनजर गर्दै प्रत्येक वर्ष योजनाको पुनरावलोकन तथा समिक्षा गरी अध्यावधिक गरिने छ ।

## १.६ विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा पश्चात निम्न उपलब्धिहरुको अपेक्षा गरिएको छ :

१. संकटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शाङ्कन तयार हुनेछ, ।

२. मानवीय क्षेत्रमा कार्यरत संघ-संस्थाहरु पहिचान भई स्रोत र साधनको आँकलन हुनेछ, विषयगत क्षेत्रहरुको आकस्मिक योजना निमार्ण भई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ ।

३. विपद् प्रभावितहरुलाई तत्काल उद्दार तथा राहत सेवा पुर्‍याउन सरल उपायहरु अवलम्बन गर्न सजिलो पार्नेछ ।

४. विपद् जोखिम न्यूनीकरण गर्न सरोकारवालाहरु वीच समन्वयात्मक संयन्त्रको निर्माण भई प्रकोपको समय र प्रकोप पश्चात तत्काल प्रतिकार्य गर्न सहज हुनेछ ।

५. विपद्को समयमा स्थानीय निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधीलाई अघि बढाइने छ ।

## १.७ विपद् पुर्व तयारी तथा प्रतिकार्य योजनाको आवश्यकता तथा औचित्य

विपद्बाट प्रभावित समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सकिन्छ । विपद् व्यवस्थापनका ३ वटा चरणहरु हुन्छन् । पहिलो चरण विपद् अघि गरिने व्यवस्थापन पूर्वतयारी र क्षति न्यूनीकरणका कार्यहरू पर्दछन् दोस्रो चरण विपद् भैरहको बेलामा खोज उद्धार तथा आपतकालिन आवास र राहत भने तेश्रो चरणमा विपद् पछिको उद्धार तथा राहत, पुर्नस्थापना र पुनर्निमाणका गतिविधिहरू, राहत प्रतिकार्यमा गरिने लगानी र प्रतिफलभन्दा विपद्पूर्व न्यूनीकरण र पूर्वतयारीका गतिविधिहरु संचालन गर्न सकिएमा विपद्पश्चात हुने असर ६ गुणाले कम हुन्छ भने मान्यता अध्ययनहरूले देखाएको छ । यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिममुक्त बनाउन भने कठिन छ । तर पनि विपद्पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनु पर्दछ ।

# परिच्छेद २: विपद् जोखिम र व्यवस्थापनको अवस्था

## २.१ अर्घाखाँची जिल्लाको परिचय

अर्घाखाँची जिल्ला लुम्बिनी प्रदेशको एक पहाडी जिल्ला हो । यस जिल्लाको अधिकांश भभुाग (६८%) महाभारत पर्वत श्रृङ्खला अर्न्तगत रहेको छ भने बाँकी भु–भाग शिवालिक पहाड अर्न्तगत पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल ११९३ वर्ग कि.मी रहेको छ । नेपालको मान चित्रमा यस जिल्लाको पुर्वमा पाल्पा, उत्तरमा गुल्मी, दक्षिणमा कपिलवस्तु र रूपन्देही तथा पश्चिममा दाङ र प्युठान जिल्ला पर्दछन। नेपालको एकिकरण पुर्व चौविसे राज्यहरूको रूपमा अर्घा र खाँची दई राज्य यस क्षेत्रमा रहेको र एकिकरणको शिलशिलामा ती दई राज्यलाई तत्कालिन पाल्पा राज्यमा गाभिएको थियो । एकिकरण पछि अर्घा र खाँची मिलेर अर्घाखाँची नामाकरण भएको हो । २०१८ सालसम्म यो जिल्ला गुल्मी जिल्ला अर्न्तगत पर्दथ्यो भने नेपाललाई ७५ जिल्लामा बिभाजन गरेपश्यात यो छुट्टै जिल्लाको रूपमा स्थापित भयो । यस जिल्लामा साबिकका ४२ गा.बि.स रहेकामा हाल तीनवटा नगरपालिका र तीनवटा गाउँपालीका गरेर कुल ६ वटा स्थानीय तहहरू रहेका छन भने एक संघिय निर्वाचन र दुइ प्रदेश निर्वाचन क्षेत्र रहेका छन ।जिल्लाकाधैरे भाग चुरे पर्वत शृङखलामा तथा थोरै भाग महाभारत लेक र नगन्य भाग मात्र समथर क्षेत्रमा पर्दछ । ८३°०९' पुर्वी देशान्तर देखि २७°५६' उत्तरी अक्षाशं भित्र अवस्थित यो जिल्ला समुधरी सतह देखी ३०५ मिटर देखि २२७३ मिटरको उचाइ रहेको छ । जिल्लाको कुल क्षेत्रफलमध्ये खेतीयोग्य जमिन ४६७३२ हेक्टर मध्ये खेत ८०६७ हेक्टर र पाखो जमिन ३८६६५ हेक्टर रहेको छ । त्यसै गरी सरकारी वनजङ्गलले ४५%, सामुदावयक वनजङ्गलले २२% र नदीहरूले ५% क्षेत्र ओगटेको छ । यस जिल्लाको औसत तापक्रम ६.५० देखी ४०°C रहेकोछ ।जेठ देखी असोजसम्म मनसुनी वायुका कारण बर्षा हुन्छ र औसत बर्षा २२०० मिलिमिटर रहेको छ । यस जिल्लाका प्रमुख नदीहरूमा शीत खोला, घोचेखोला, राप्तीखोला, भिmमरूक खोला, वाणगंगाखोला, चोरखोला, रनसिंगखोला, गुडरूर खोला, सिस्ने खोला, खाकाबेसी खोला, मथुराबेसी खोला, खज्याङ्ग खोला र बांगी खोला रहेका छन ।

## २.२ गाउँपालिकाको संक्षिप्त परिचय

लुम्बिनी प्रदेश अन्तर्गत अर्घाखाँची जिल्लाका ६ वटा स्थानीय तहहरुमध्ये उत्तर पश्चिमपट्टि अवस्थित मालारानी गाउँपालिका पहाडि क्षेत्रमा अवस्थित गाउँपालिका हो । नेपालमा ७५३ स्थानीय तह लागु हुदाँ अर्घाखाँची जिल्लामा साविकका अर्घातोषको १,६,७,८,९, मरेङ्ग १,२,३,४,५,६, खन, खनदह, बाँगी, हंसपुर र गोखुङ्गा गाउँ विकास समितिहरुलाई समेटेर मालारानी गाउँपालिका बनाइएको हो । यसको क्षेत्रफल १०१.०६ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकालाई ९ वडामा विभाजन गरिएको छ । केन्दीय तथ्याँक विभागले सार्वजनिक गरेको जनगणना २०७८ को प्रतिवेदन अनुसार मालारानी गाउँपालिकाको जनसंख्या २४,१५० रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा छत्रदेव गाउँपालिका, पश्चिममा भूमिकास्थान नगरपालिका र प्यूठान जिल्ला, उत्तरमा प्यूठान र गुल्मी जिल्ला तथा दक्षिणमा सन्धिखर्क र भूमिकास्थान नगरपालिकासम्म फैलिएको छ । यस गाउँपालिकालाई पर्यटकीय हिसाबले प्रचुर सम्भावना बोकेको स्थानीय तह मानिन्छ । यहाँ पर्यटकीय क्षेत्रहरु, भौगोलिक, सामाजिक,

साँस्कृतिक, ऐतिहासिक र धार्मिक हिसाबले महत्तव बोकेका स्थलहरु रहेका छन् । घेराको लेक जिल्लाकै अग्लो चुचुरो जहाबाट उत्तरमा मनोरम हिमाल र पूर्व,पश्चिम र दक्षिणमा फाँट लगायत ऐतिहासिक तथा धार्मिक स्थलहरु अवलोकन गर्न सकिन्छ । यहि लेकको चुचुरोमा मालारानी मन्दिर छ र यसैको नामबाट गाउँपलिकाको नामकरण गरिएको छ । मालारानी मन्दिर र यसको विशिष्टतका सामाजिक तथा साँस्कृतिक किबदन्तीहरु पाइन्छन् ।

**तालिका १: गाउँपालिको गठन तथा वडागत क्षेत्रफल विवरण**

| वडा नं. | समावेश साविक गाविस | क्षेत्रफल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|---|
| १ | अर्घातोष १, ६ र मरेङ्ग ४, ५ र ६ | ५.८० | ५.७४ |
| २ | मरेङ्ग १,२,३ र अर्घातोष ७,८,९ | ८.४७ | ८.४ |
| ३ | ३ नं वडा खनदह | १५.०० | १४.८ |
| ४ | ४ नं वडा खन | ९.७० | ९.६ |
| ५ | ५ नं वडा वाँगी | १४.६१ | १४.४५ |
| ६ | हंसपुर १,४,५,६ | १२.२२ | १२.१ |
| ७ | हंसपुर ७,८,९ | ८.०४ | ७.९ |
| ८ | हंसपुर २,३ र गोखुङ्गा १ | १०.०२ | ९.९ |
| ९ | गोखुङ्गा २,३,४,५,६,७, ८ र ९ | १७.१९ | १७ |
| जम्मा | | १०१.०६ | १०० |

*श्रोत: मालारानी बुलेटिन, २०७८*

**तालिका २: गाउँपालिकाको कार्यालय देखि विभिन्न वडा कार्यालय सम्मको दुरी**

| क.स. | देखि | सम्म | किलोमिटर |
|---|---|---|---|
| १ | मालारानी गाउँपालिकाको कार्यालय | वडा नं. १ | ८ |
| २ | मालारानी गाउँपालिकाको कार्यालय | वडा नं. २ | ६ |
| ३ | मालारानी गाउँपालिकाको कार्यालय | वडा नं. ३ | ०.८ |
| ४ | मालारानी गाउँपालिकाको कार्यालय | वडा नं. ४ | ४ |
| ५ | मालारानी गाउँपालिकाको कार्यालय | वडा नं. ५ | ९ |
| ६ | मालारानी गाउँपालिकाको कार्यालय | वडा नं. ६ | ११ |
| ७ | मालारानी गाउँपालिकाको कार्यालय | वडा नं. ७ | ८ |
| ८ | मालारानी गाउँपालिकाको कार्यालय | वडा नं. ८ | १३ |
| ९ | मालारानी गाउँपालिकाको कार्यालय | वडा नं. ९ | १७ |

*श्रोत: मालारानी बुलेटिन, २०७८*

### २.२.१ राजनैतिक अवस्थिति

मालारानी गाउँपालिका लुम्विनी प्रदेश अर्न्तरगत अर्घाखाँची जिल्लामा अवस्थित छ नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा ३ मा ब्यवस्था भए अनुरुप गाउँपालिका तथा पालिकाहरु राज्य पुनसंरचना आयोगको

प्रतिवेदन अनुसार मिति २०७३ फाल्गुन २६ गतेको निर्णय अनुसार साविकका अर्घातोषको १,६,७,८,९, मरेङ्ग १,२,३,४,५,६, खन, खनदह, बाँगी, हंसपुर र गोखुङ्गा गा.वि.स गरी ७ वटा गाउँ विकास समितिहरु मिलेर हाल ९वटा वडाहरु रहेका छन ।पूर्ववत रुपमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने लुम्बिनीअञ्चलको अर्घाखाँची जिल्लामा रहेको यो गाउँपालिका जिल्ला भित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि जिल्लाकै एउटा मात्र निर्वाचन क्षेत्र रहेको भएता पनि प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएका २ निर्वाचन क्षेत्र मध्ये “क” अन्तरगत पर्दछ ।

### २.२.२ धरातलीय अवस्था

मध्यपहाडी भौगोलिक विषेशता बोकेको यस क्षेत्र धरातलीय स्वरुपका हिसाबले विविधतायुक्त रहेको छ । अधिकांश जमिनको बनौट भिरालो प्रकृतिको छ भने नदी तटीय क्षेत्र लगायतका अन्य क्षेत्रमा पनि समथर जमिन पनि रहेको छ । महाभारत पर्वतीय पहाडी श्रृंखलाले बनेको यस गाउँपालिकामा कडा खालको चट्टानी भूभाग, भीरपाखा तथा बसोवासयोग्य क्षेत्र सहितको विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ ।




*चित्र १: मालारानी गाउँपालिकाको धरातलीय अवस्था*

### २.२.३ प्राकृतिक सम्पदा र भूउपयोग

कृषि जमिन प्रशस्त रहेको यो पालिकामा झन्डै ६८३ रोपनी जमिन कृषि कार्यमा उपयोग भएको छ ।यस क्षेत्रमा २०५७ हेक्टर वन क्षेत्र रहेको छ। यस पालिकाक्षेत्रमा खेर गइरहेको जमिनलाई पार्क तथा अन्य सार्वजनिक स्थलको रुपमा विकास गर्न सकिन्छ । चरिचरनका लागि यस गाउँपालिकामा कुल ४९६६ वर्ग.कि.मी. जग्गा रहेको छ । यस गाउँपालिकामा मालारानी मन्दिर, नरसिहं स्थान, जालकाँडा क्षेत्र, सिद्धबाबास्थान, भागिरथी मन्दिर, गुफा क्षेत्र, घेराको लेक, दारेघोडा र काम्लेचौर मन्दिर खनदह, सिमे देउराली , हिलेकाचौर, महादेव मन्दिर, देउराली तथा

महादेव मन्दिर बाँगी, छहरामाई क्षेत्र, लोहोरीको लेक, शिवालय मन्दिर, रतनमारे, ३ सल्ली भगवती मन्दिर, शिवालय, कोदाले खोला छहरा, ठूलीचौर मन्दिर क्षेत्र, भण्डारथुम भगवती मन्दिर, चौदिला नव दुर्गा भगवती मन्दिर, शिद्धबाबा आश्रम, दारे घोडा, खनदह,सौतामारे जस्ता सांस्कृतीक महत्व बोकेका धरोहरहरु रहेका छन् भने तिलकुवा खोला, द्धारे खोला, मरेङ खोला, सोता खोला, बाँगी खोला र कोँदाले खोला जस्ता पानीको स्रोतहरु रहेका छन् ।



*चित्र २: मालारानी गाउँपालिकाको भूउपयोग नक्सा*

**तालिका ३: मालारानी गाउँपालिकाको भू-उपयोगको वर्गीकरण**

| भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|
| **वनजंगल** | **५९.९४** |
| **कृषि** | ०.०४ |
| **निर्माण क्षेत्र** | ०.२४ |
| **खाली ठाउँ** | १.८ |
| **चरन क्षेत्र** | **३९.०९** |
| **जम्मा** | १०१.१२ |

### २.२.४ मानव विकास सूचकांक, औसत आय र गरिबी

विकासको अवस्था, आम्दानी र गरिबी सम्बन्धमा नेपाल मानव विकास प्रतिवेदन २०१४ तथा गरिबीको लघु क्षेत्र अनुमान २०६८ मा अर्घाखाँची जिल्लाको सन्दर्भमा औंल्याइएका तथ्यहरूलाई यस पालिकाको हकमा पनि सामान्यीकरण गरिएको छ । नेपाल मानव विकास प्रतिवेदन, २०१४ अनुसार अर्घाखाँची जिल्ला मानव विकास सूचकांकका दृष्टिकोणले ७७ जिल्लाहरूमध्ये ६३ औं स्थानमा पर्दछ । यस जिल्लाको मानव विकास

सूचकांकको मान ०.३९७ रहेको छ । जसअनुसार औसत आयु ६७.१४ वर्ष तथा प्रतिव्यक्ति आम्दानी ८६६ अमेरिकी डलर रहेको छ। गरिबीको लघु क्षेत्र अनुमान २०६८ अनुसार गरिबीको दर ४७.१ प्रतिशत रहेको देखिन्छ ।

### २.२.५ जनसंख्याको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार पालिकाको कुल जनसंख्या २४१५० छ भने वार्षिक जनसंख्या वृद्धिदर -१.४३ रहेको छ । जस अनुसार हालको औषत घरपरिवारको आकार ३.५६ र लैंगिक अनुपात ८०.४८ रहेको छ । यस पालिकाको साक्षरता दर ७६.७२ प्रतिशत रहेको छ । जनसंख्याको वर्तमान अवस्थालाई वडागतरुपमा देहाय प्रस्तुत गरिएको छ । घरधूरी सर्वेक्षण २०७८ अनुसार पालिकाको कुल जनसंख्या २४१५० रहेको छ । वडा अनुसार सबैभन्दा धेरै उच्च जनसंख्या वडा नं. ५ मा ३६०६ रहेको छ भने सबै भन्दा न्यून वडा नं. १ मा १७०३ रहेको देखिन्छ भने यस पालिकामा ६७८० घरपरिवार मध्ये ८४ घरपरिवार अस्थायी रहेको देखिन्छ ।

**तलिका ४: वडा अनुसार घरधुरी जनसंख्या  विवरण**

| वडा नं | जनसंख्या | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| १ | १७०३ | ७५१ | ९५२ |
| २ | २०२० | ८९३ | ११२७ |
| ३ | ३०२८ | १३८३ | १६४५ |
| ४ | ३५९२ | १५७२ | २०२० |
| ५ | ३६०६ | १५४२ | २०६४ |
| ६ | ३२६८ | १४९८ | १७७० |
| ७ | १९१० | ८५७ | १०५३ |
| ८ | २३७६ | १०७३ | १३०३ |
| ९ | २६४७ | १२०० | १४४७ |
| जम्मा | | | |

### २.२.६ माटो

नेपालको झण्डै ७० प्रतिशत जनसंख्या कृषि पेशामा आवद्ध छ भने मालारानी गाउँपालिकाको बहुसंख्यक जनसंख्या कृषि पेशामा आश्रित छ । माटो र कृषि पेशा भनेका एक आपसमा अन्तर सम्बन्धीत भएता पनि यहाँ माटोको बारेमा कुनै ठोस तथा सूक्ष्म रुपमा अध्ययन अनुसन्धान भएको छैन । पालिका क्षेत्रमा लिइएको नमुना परिक्षणका आधारमा माटोको प्रकार र उर्वरतालाई निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

**क) पाँगो माटो**

यहाँका नदीबेसीहरुमा पाँगो माटोको प्रचुरता छ । जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी वालीको सम्भावना छ । नदीहरुले बगाई ल्याएको सडेको पातपतङ्गिर र अन्य कम्पोष्ट जन्य पदार्थलाई छेउछाउका तटवर्ती भागमा निक्षेप

गर्दै जाँदा यी भागहरु अत्याधिक उब्जाउ योग्य रहेका छन् । तथापी, वर्तमान समयमा रासायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लीयपना बृद्धि भई उत्पादन ह्रासको स्थिति देखापरेको छ । लगातार भू-क्षय तथा वन विनासका कारण नदीहरुले चुन ढुंगा, बलौटे र उद्योगजन्य पदार्थहरु निरन्तररुपमा निक्षेप गर्दा पांगो माटोको गुणस्तरमा विस्तारै ह्रास आइरहेको छ ।

**ख) बलौटे माटो**

यो माटो बालुवा, कंकड, ट्यापी र ढुंगा मिश्रित माटो हो । यो उब्जाउको दृष्टिकोणले निम्न कोटीको मानिन्छ । विशेषगरी यस पालिकाको दक्षिण पहाडी भागहरुमा यो माटोको बाहुल्यता छ । यस क्षेत्रमा अपेक्षाकृत कम मात्रामा मात्र दलहन र मकै बालीको उत्पादन हुन्छ । यहाँ सिंचाईको समेत अभाव रहेको छ ।

**ग) हिमाली माटो**

यो माटोको निर्माण नवीन भएको मानिन्छ । जसको बनावट पातलो, दलदले र छिद्रयुक्त हुन्छ । हिमाली खोंच, उत्तरी पृष्ठढाल र उत्तरी भेगको नदीबेसीहरुमा समेत यो माटो पाइन्छ । यहाँको माटोको बनावटमा ढुङ्गा, माटो, कंकट, चुना, फलाम, जीवाष्मको तत्व नभएको माटोको प्रचुरता हुन्छ । उब्जाउको दृष्टिकोणले यहाँको माटोमा नदी बेसीतिर धान, गहुँ, मास, मकै, मध्ये पहाडी भागतिर मकै, दलहन र उच्च भागतिर आलु, जौ आदि उत्पादन हुने गर्दछ ।

### २.२.७ जलवायु

समुद्र सतहबाट करिव २००० मिटर उचाई भएको मालारानी गाउँपालिकामा हावापानीका विभिन्न रुपहरु पाइन्छन् । पहाडी तथा उच्च भागहरुमा तापक्रम हिउंदमा सरदर १०°से. रहन्छ, जबकी खोंच तथा टारहरुमा हिउँदमा २५ से.सरदर तापक्रम रहन्छ । त्यस्तै ग्रिष्मको अवस्थालाईहेर्दा पहाडी भागमा २५° से. तथा उच्च भागहरुमा २०°से.रखोंच तथा टारहरुमा ३०° से. सरदर तापक्रम रहन्छ । त्यस्तै यो गाउँपालिका महाभारत पर्वतको सूर्यमूखी ढालमा पर्ने हुँदा वार्षिक सरदर वर्षा १८०० मि.लि.सम्म रहन्छ ।गाउँपालिकाका केहि उच्च भू-भागमा हिमपात समेत हुने गर्दछ ।

**तालिका ५: मालारानी गाउँपालिकाको उचाईको वर्गीकरण**

| उचाई (मि.) | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल (%) |
|---|---|---|
| १००० | ०.१ | ०.०९८ |
| १०००-१५०० | ४४.३ | ४३.५५ |
| १०००-१५०० | ५६.६२ | ५५.६७ |
| २००० | ०.६९ | ०.६७८ |
| जम्मा | १०१.७ | १०० |




*चित्र ४: मालारानी गाउँपालिकाको उचाई वर्गीकरण नक्सा*




*चित्र ५: जमिनको मोहडा अनुसारको वर्गीकरण*

## २.२.८ नदिनाला र ताल तलैया स्थिति

मालारानी गाउँपालिकाको जलस्रोतको हिसावले मझौला र सानास्तरका नदीहरु रहेका छन प्रवाह हुने नदीहरुको कुल ४२ वटा रहेको छन भने साना तथा मझौला नदी तथा खोला सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।




*चित्र ६: मालारानी गाउँपालिकामा भएका नदीहरुका संजाल नक्शा*

**तालिका ६: नदिनालाको विवरण**

| क.स | नदी तथा खोलाको नाम | अवस्थिती समेटेको वडाहरु | किसिम |
|---|---|---|---|
| १ | तिल्कुवा खोला | १,२ | |
| २ | मरेङ खोला | १,२ | |
| ३ | अमिले खोला | १ | |
| ४ | सोता खोला | १ | |
| ५ | अगांर खोला | १ | |
| ६ | बेवर खोला | १ | |
| ७ | चिदी खोला | २ | |
| ८ | खनार कोदाले खोला | ३ | |
| ९ | अर्क्याङ खोला | ३ | |
| १० | घाटका खोला | ३ | |
| ११ | कोदाले खोला | ४ | |
| १२ | घाटा खोला | ४ | |
| १३ | गहत खोला | ४ | |
| १४ | जुकेना खोला | ४ | |
| १५ | भाटमारे खोला | ४ | |
| १६ | काउले खोला | ४ | |
| १७ | बरमकोट खोला | ५ | |
| १८ | काब्रे खोला | ५ | |

| | | | |
|---|---|---|---|
| १९ | ठाडी खोला | ५ | |
| २० | भाल्समारी खोला | ५ | |
| २१ | खार खोला | ५ | |
| २२ | छहरा खोला | ५ | |
| २३ | कुभ्मेरी खोला | ५ | |
| २४ | गोहदी खोला | ५ | |
| २५ | मल्जेङ खोला | ५ | |
| २६ | बाँगी खोला | ५ | |
| २७ | पन्चेधारा खोला | ६ | |
| २८ | हिँऊ खोला | ६,८ | |
| २९ | खानी खोला | ६ | |
| ३० | दोमाई खोला | ६ | |
| ३१ | दोवाटा खोला | ८ | |
| ३२ | लेवसे खोला | ८ | |
| ३३ | काउछे खोला | ८ | |
| ३४ | बुके खोला | ८ | |
| ३५ | गैंडा खोला | ८ | |
| ३६ | लुङचुङ खोला | ८ | |
| ३७ | अधँरी खोला | ८ | |
| ३८ | दोवारे खोला | ८ | |
| ३९ | खाकावसी खोला | ९ | |
| ४० | सेपानी साम्ने खोला | ९ | |
| ४१ | वासका खोला | ९ | |
| ४२ | दह खोला | ९ | |

## २.३ पालिकाको प्रमुख प्रकोपहरू

यस मालारानी गाउँपालिकाको विद्यमान प्रमुख प्रकोपहरूमा पहिरो ,आगलागि, महामारी कोभिड १९ , चट्ट्याङ, हुरीवतास, असिनापानी जगलीजनावर ,ढुगांखस्ने, र वाढी आदि पर्दछन् । यस गाउँपालिकाको विपद् जोखिम प्रोफाइल तयार गरीएको छैन र पालिका क्षेत्र भित्र घटेका विपद्को घटनाको व्यवस्थित तथ्यांक राख्ने गरिएको छैन यद्धपि स्थानीय संगको छलफल, गाउँपालिका स्तरमा गरिएको छलफल, गृह मन्त्रालयको विपद् पोर्टलमा उपलब्ध भएका तथ्यांक तथा समुदायमा तयार गरेको एकीकृत सामुदायिक योजनामा समेटिएका तथ्यांक तथा सूचनाहरुको आधारमा रहेर पालिकाको प्रकोप स्तरीकरण गरिएको हो ।

## २.४ विगतका विपद्हरुको एतिहास

गाउँपालिकाका बिभिन्न क्षेत्र तथा समुदायमा विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गरिएको हो । जसबाट यस गाउँपालिकामा प्रकोपको दोहोरिने प्रवृति तथा यसले गर्ने क्षति तथा असरका बारेमा जानकारी तयार गर्न सकिन्छ । सोही अनुरुप कार्यक्रममा समुदायको सहभागिहरू सँग छलफल तथा अर्न्तरक्रिया गरी विगत ३० वर्षको ऐतिहासिक समय रेखा तयार पारिएको छ जसका आधारमा पालिकाको विपद् पुर्व तयारी तथा प्रतिकार्य कार्य योजना तयार गरिएको छ ।

**तालिका ७: वडा नं १ को विपद्को ऐतिहासिक समयरेखा**

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| आगलागी | २०६५ | सान्दे | १ गोठ जलेको | | | | १ भैसी मरेको | समुदाय संगको छलफलबाट |
| | २०६७ | डिही, महरविसौना | २ घर जलेको | | | | | समुदाय संगको छलफलबाट |
| | २०७९, फागुन | महरविसौना | १ घर जलेको | | | | | समुदाय संगको छलफलबाट |
| चट्याङ | २०६२ | महरविसौना, | | | | | १ भैसी मरेको, | समुदाय संगको छलफलबाट |
| | २०७३ | वडाभरी | | | | | ३० लाख बराबरको विद्दुतीय सामग्रीमा क्षती | समुदाय संगको छलफलबाट |
| | २०७७ | शिद्धनेरा मा.वि | | | | | ३ कम्प्युटर, स्टेबलाईजरमा क्षती | समुदाय संगको छलफलबाट |
| हावाहुरी | २०५६ | सान्दे | १ घरको छानो उडाएको | | | | | समुदाय संगको छलफलबाट |
| | २०७१ | मुसामारे | प्रगती प्रा.वी स्कुलको छानो उडाएको | | | | | समुदाय संगको छलफलबाट |
| बाँदर आतंक | २०७७, भदौ | सातपाता | | | | | बाँदरले टोकेर १ जना | समुदाय संगको छलफलबाट |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | घाईते, | |
| | २०७४ | मुसामारे, आर्चाय टोल, रानी टोल | | | | | बाँदरले मकै नष्ट | समुदाय संगको छलफलबाट |
| | २०७७ | फाप्रे, चौर, सोती, वरारुख | | | | | बाँदरले मकै नष्ट | समुदाय संगको छलफलबाट |
| | प्रत्येक बर्ष | वडा भरी | | | | | ७००० मुरी मकै नष्ट | समुदाय संगको छलफलबाट |
| पहिरो | २०५८ | डिही, मुसामारे, बसेनी | ३ जनाको मृत्यु, ३० घरधुरी विस्थापित | | | | | समुदाय संगको छलफलबाट |
| | | आरुगैरा, रानीचौर गैरा, सोती, ओखरका रुख, भेडाखोर | ५० भन्दा बढी चौपायाको क्षती | | | | | समुदाय संगको छलफलबाट |
| सडक दुर्घटना | २०५८ | शिद्धको थान | जिप दुर्घटना कारण १ जनाको मृत्यु | | | | | समुदाय संगको छलफलबाट |
| | २०६९ | शिद्धको थान | ट्याक्टर दुर्घटना कारण १ जना घाइते | | | | | समुदाय संगको छलफलबाट |
| | २०६२ | घिउ पानी | ट्याक्टर दुर्घटना | | | | | समुदाय संगको छलफलबाट |
| | २०६५ | मुसामारे , लाईपोखरी | ट्याक्टर दुर्घटना, १ भैंसी मरेको | | | | | समुदाय संगको छलफलबाट |

**तालिका ८: वडा नं २ को विपद्को ऐतिहासिक समयरेखा**

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०५८ भदौ १२ | लामापोखरी, गोदावरी, डिही, सिम | | ११ घर विस्थापित | १ जना मृत्यु, १ जना घाइते | | | समुदाय संगको छलफलबाट |
| | २०७५ भदौ | ढाँड | २ घर उच्च जोखिम | | | | | समुदाय संगको छलफलबाट |
| | २०७६ | सिमलका रुख | | १ घर जोखिम | | | | समुदाय संगको छलफलबाट |
| | २०७९ | डाँडाकटेरी बजार, पैयारुख | | ४ घर जोखिम | | | | समुदाय संगको छलफलबाट |
| जंगली जनावरको आक्रमण | २०७८ | अमिले | | | वाँदर लखेट्दा १ जनाको लडेर मृत्यु | | | समुदाय संगको छलफलबाट |
| | प्रत्येक वर्ष | | | | | वाँदर आतंकका कारण १००० रोपनी जग्गा बाँझो रहेको, मकैको उत्पादन घटेको, बार्षिक करिब ५० क्विन्टल सुन्तला नष्ट गरेको। | | समुदाय संगको छलफलबाट |
| | २०७८ | गोडौरी ढाड, कुभिण्डे | | ७ घर बसाँइसराई गरेको | | | | समुदाय संगको छलफलबाट |
| आगलागी | २०५२ | गोदावरी | १ घर जलेको | | | २ भैंसी मरेको | | समुदाय संगको |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | छलफलबाट |
| | २०५८ | डाँडाकटेरी चौपारी | १ गोठ जलेको | | | | | समुदाय संगको छलफलबाट |
| | २०६४ | गदा | १ घर जलेको | | | | | समुदाय संगको छलफलबाट |
| | २०६७ | गोदावरी | १ घर जलेको | | | | | समुदाय संगको छलफलबाट |
| | २०७५ | लामापोखरी | १ गोठ जलेको | | | | | समुदाय संगको छलफलबाट |
| | २०७७ | लामापोखरी | १ गोठ जलेको, १भैँसी मरेको | | | | | समुदाय संगको छलफलबाट |
| | २०७८ | अमिले | | १ जनाको मृत्यु | | | | समुदाय संगको छलफलबाट |
| | २०७९ | सल्लेरी अमिले | १ घर जलेको | | | | | समुदाय संगको छलफलबाट |
| हावाहुरी | २०५३,२०६३ | जनप्रिय आ.वि, विरेन्द्र मा.वि, डाँडाकटेरी | १ घर र विद्यालयको छानो उडायको | | | | | समुदाय संगको छलफलबाट |
| | २०७९ | डाँडाकटेरी, घाँसीचौर | सरस्वती मा.विको छानो उडायको | | | | | समुदाय संगको छलफलबाट |
| असिना | २०७६ | गहतेरा | | | | | गँहु वाली नष्ट | समुदाय संगको |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गरेको | छलफलबाट |
| | २०७९ | डाँडाकटेरी क्षेत्र | | | | | १५० बोट सुन्तला नष्ट | समुदाय संगको छलफलबाट |
| चट्याङ | २०७३ | गह्रो | | २ जना घाईते | | | २ वटा खसी मरेको | समुदाय संगको छलफलबाट |
| | २०७६ | गोदावरी | ५ घरको मिटर जलेको | | | | ३ वटा बाखा मरेको | समुदाय संगको छलफलबाट |
| वाढि | २०५८ | छहरा खोला, गैरार्खक मोड | | | | | ६० रोपनी खेतीयोग्य जमीन नष्ट | समुदाय संगको छलफलबाट |
| | २०७७ | गहतेरा, ठुलीचौर | | | | | ३ रोपनी खेतीयोग्य जमीन नष्ट | समुदाय संगको छलफलबाट |

### तालिका ९: वडा नं ३ को विपद्को ऐतिहासिक समयरेखा

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| आगलागी | २०५५ | सावडाँडा | | | | | १ भैसी मरेको | समुदाय संगको छलफलबाट |
| | २०७९ | ढुंगागाडे | १ गोठ जलेको | | | | २०० कुखुरा जलेको | समुदाय संगको छलफलबाट |
| | २०५७ | सावडाँडा | | | | | १ थारो भैंसी मरेका | समुदाय संगको छलफलबाट |
| | २०७६ | वडासल्ला | १ घर जलेको | | | | | समुदाय संगको छलफलबाट |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | गैली | १ घर र १ गोठ जलेको | | | | | समुदाय संगको छलफलबाट |
| | २०६२ | अर्मले | २० कुखुरा र १ थारो भैसी जलेको | | | | २० कुखुरा र १ थारो भैसी जलेको | समुदाय संगको छलफलबाट |
| सडक दुर्घटना | २०६४ | कामसेरा | | | ट्याकटर पल्टिदा एक जना घाइते | | | समुदाय संगको छलफलबाट |
| | २०७४ | सावडाँडा | | | बस दुर्घटना, २ जनाको मृत्यु | | | समुदाय संगको छलफलबाट |
| | २०७७ | गहेली | | | मोटरसाइकल दुर्घटना, १ जना घाईते | | | समुदाय संगको छलफलबाट |
| | २०७८ | गहेली | | | हाते ट्याक्टर वाट १ जनाको मृत्यु | | | समुदाय संगको छलफलबाट |
| हावाहुरी | २०७८ | गहेली ढुगांगाऊ | २ घरको छानो उडायको, | | | | | समुदाय संगको छलफलबाट |
| पहिरो | २०७९ | कामरनेटा | जमीन भासीएर २२ घर आशिंक क्षती, १ घर पुर्ण क्षती | | | | | समुदाय संगको छलफलबाट |
| | | तेहुने | १ घर पुर्ण क्षती | | | | | समुदाय संगको छलफलबाट |
| | | आरुकुटा | ३ घर विस्थापीत | | | | | समुदाय संगको छलफलबाट |
| | २०५२ | भातमारे खोला | १ जनाको मृत्यु | | | | | समुदाय संगको छलफलबाट |
| | २०७४ | आरुबुटा | १ घर भत्केको | | | | | समुदाय संगको छलफलबाट |
| | २०५५ | कामरनेटा | २ घर र १ स्कुल जोखिममा रहेको | | | | | समुदाय संगको छलफलबाट |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | २०८९, असोज | सावडाँडा | २ घर, ३ गोठमा क्षती, खजुने खोला खनार लिफिटिङमा क्षति भएको। | | | | | समुदाय संगको छलफलबाट |

**तालिका १०: वडा नं ४ को विपद्को ऐतिहासिक समयरेखा**

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०३७ | भिर्लापाटा | | | १ जनाको महिलाको मृत्यु | | | समुदाय संगको छलफलबाट |
| | २०५२ | भाटमारे<br>छालाखोला | | | २जनाको मृत्यु<br>१ जनाको मृत्यु | | | समुदाय संगको छलफलबाट |
| | २०७९ जेठ २० | चुनार टोला | १ घर क्षती | | | | १ गोरु मरेको | समुदाय संगको छलफलबाट |
| आगलागी | २०५८ | मखात | १ गोठ जलेको | | | | २ भैसी जलेको | समुदाय संगको छलफलबाट |
| | २०६९ | ह्रीचरपोले | १ गोठ जलेको | | | | ४ बाख्रा जलेको | समुदाय संगको छलफलबाट |
| | २०७२ | मदिशे टोल | १ गोठ जलेको | | | | २ भैसी जलेको<br>४ बाख्रा जलेका | समुदाय संगको छलफलबाट |
| | २०७८ | मखात,नेटाटोल | ५ घर जलेको | | | | | समुदाय संगको छलफलबाट |
| हावाहुरी | २०५५ | कालिका | छानो | | | | | समुदाय |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | मा.वि, खन हे.पो, किरण मा.वि | उडाएको | | | | | संगको छलफलबाट |
| | २०७५ | नवदिप एकेडेमी | छानो उडाएको | | | | | समुदाय संगको छलफलबाट |
| | २०८० | टाकुरा | १ घरको छानो उडाएको | | | | | समुदाय संगको छलफलबाट |
| | प्रत्येक बर्ष | वडा भरी | | | | | १०० क्वीन्टल मकै ढाल्ने गरेको | समुदाय संगको छलफलबाट |
| कृषि रोग किरा | प्रत्येक बर्ष | वडा भरी | | | | | आलु ५०० क्वीन्टल ( रातो कमिला)<br>मकै १०<br>क्वीन्टल -फौजि किरा<br>गैँ २००० क्वीन्टल -<br>सिदुरे रोग<br>टमाटर ५०० क्वीन्टल ( डडुवा) | समुदाय संगको छलफलबाट |

**तालिका ११: वडा नं ५ को विपद्को ऐतिहासिक समयरेखा**

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| बाढी | २०६० | जिपुक | | | वांगी खोलाले बगाएर १ जना महिलाको मृत्यु | | | समुदाय संगको छलफलबाट |
| पहिरो | २०५३, भदौ | अल्सामारे | | | १ जना महिलाको | | | समुदाय संगको छलफलबाट |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | मृत्यु | | | |
| | २०७२ | अर्गांटिघर, ठाडीखोला, खाडलकटेर्रा | १ घर गोठ भत्केको, २ घर विस्थापित, १ घर पुर्ण रुपमा क्षती | | | | २ भैंसी र २ बाखा मरेको | समुदाय संगको छलफलबाट |
| | २०७९ | ज्ञानदिप आ.वि बजेरी | स्कुलमा क्षती, स्कुल स्थान्तरण गरिएको | | | | | समुदाय संगको छलफलबाट |
| | २०७८ | सतविसे | १ गोठ भत्केको, | | | | २ भैंसी मरेको | समुदाय संगको छलफलबाट |
| जङ्गली जनावरको आक्रमण | २०८० | गुरासे रातामाटा | | | | | कालिज र बाँदरले २००० रोपनीमा छरेको मकै नष्ट गरेको | समुदाय संगको छलफलबाट |
| | | आंतिघर | | | | | बाघले ६० वटा कुखुरा मारेको, १६ घर वाँदर आतंकले वसाई सराई गरेको र २५ ५ खेतीयोग्य जमिन | समुदाय संगको छलफलबाट |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | वाँफो रहेको । | |
| आगलागी | २०७७ | करनामारे | | | | | १ घर,१ गोठ पुर्ण रुपमा नष्ट । १ भैंसी र बाखा जलेको। | समुदाय संगको छलफलबाट |
| | २०७९ | बजेरिमा | | | | | १ थारो भैंसी जलेर नष्ट | समुदाय संगको छलफलबाट |
| | २०८० | कोटना | | | | | १ घर, १भैंसी जलेको। | समुदाय संगको छलफलबाट |
| हावाहुरी | २०६०,२०६५,२०७९ | सुन्दर आ.वी, गुँरासे | | | | | छानो उडाएको | समुदाय संगको छलफलबाट |
| चट्याङ | २०७५ | सुन्दर आ.वी, गुँरासे | | | | | विजुलीको ट्रान्समिटर उडाएको | समुदाय संगको छलफलबाट |
| बाढी | २०६० | जिपुक | | | | | वाँगी खोलाले बगाएर १ महिलाको मृत्यु । | समुदाय संगको छलफलबाट |

**तालिका १२: वडा नं ६ को विपद्को ऐतिहासिक समयरेखा**

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| जङ्गली जनावरको आक्रमण | २०७८ | भिडिखार | | | | | ७ बाखा बाघले खाएको | समुदाय संगको छलफलबाट |
| | २०७९भदौ | सल्लिधारा | | | | | ५ भेडा बाघले खाएको | समुदाय संगको छलफलबाट |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | २०७४ | लौरी लन्धारा | | | | | १ गाई बाघले खाएको बाँदर धपाऊदा १ जनाको मृत्यु | समुदाय संगको छलफलबाट |
| | २०७२ | चाम्ररापाटा | | | | | १० वटा बाखा खाएको | समुदाय संगको छलफलबाट |
| | २०७९ | पाएडाँडा | | | | | २ बाखा बाघले खाएको | समुदाय संगको छलफलबाट |
| चट्याङ | २०७५ | साकिन्धार | | | | | ३ जना घाईते, १ बाखा मरेको | समुदाय संगको छलफलबाट |
| | २०८० | मेलपानी | | | | | १ जना घाईते भएको | समुदाय संगको छलफलबाट |
| | २०७९ | सेस्नरी | | | | | १ जना घाईते, ५ बाखा मरेको | समुदाय संगको छलफलबाट |
| | २०६२ | साकिन्धार | | | | | १ भैंसी मरेको | समुदाय संगको छलफलबाट |
| | २०७२ | पसिङ खोला | | | | | १ जना घाईते | समुदाय संगको छलफलबाट |
| | २०७८ | चरिपाटा | | | | | १ जना घाईते | समुदाय संगको छलफलबाट |
| पहिरो | २०७६ | चरिपाटा | १ घर भत्काएको | | | | ४ बाखा बगाएको | समुदाय संगको छलफलबाट |
| | २०७८ | सकिन्धार | १ घर क्षती | | | | ७गाई, गोरु मरेको | समुदाय संगको छलफलबाट |
| | २०७२ | सकिन्धार | १ जनाको मृत्यु | | | | | समुदाय संगको छलफलबाट |
| | २०६३ | पजिङ खोला | १ जनाको मृत्यु | | | | | समुदाय संगको छलफलबाट |
| | २०७६ | मेलपानी खानेपानी आयोजना | | | | | मुहानमा क्षती, मोटर विग्रीएको | समुदाय संगको छलफलबाट |
| आगलागी | २०७५ | मेलपानी | १ जनाको | | | | २ घर जलेर | समुदाय संगको |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | | | | नष्ट | छलफलबाट |
| | २०५८ | लोहरी | | | | | १२ घर जलेर नष्ट | समुदाय संगको छलफलबाट |
| | २०७६ | मेलपानी | | | | | १गोठ जलेर नष्ट | समुदाय संगको छलफलबाट |
| | २०७९ | सुनासान टोला | १ व्याउने भैंसी जलेको | | | | १गोठ जलेर नष्ट | समुदाय संगको छलफलबाट |
| | २०७२ | मेलपानी | | | | | १गोठ जलेर नष्ट | समुदाय संगको छलफलबाट |
| | २०७९ | सकिन्धरा र टाकुरा | | | | | १ घर, १ गोठ जलेको | समुदाय संगको छलफलबाट |
| | २०७७ | मेलपानी लोहरी | | | | | १घर जलेर नष्ट २ घर जलेर नष्ट | समुदाय संगको छलफलबाट |
| हावाहुरी | २०७९ | रतनमारे सिदार्थ मा.वि | छानो उडाएको | | | | | समुदाय संगको छलफलबाट |
| | २०६७ | पैरीखोला जनक आ.वि | छानो उडाएको | | | | | समुदाय संगको छलफलबाट |
| | २०८० | मेलपानी | १ घरको छानो उडाएको | | | | | समुदाय संगको छलफलबाट |
| | २०७९ | रतनमारे | १ घरको छानो उडाएको | | | | | समुदाय संगको छलफलबाट |
| | २०५८ | काफलठुटा सरस्वती आ.वि | छानो उडाएको | | | | | समुदाय संगको छलफलबाट |
| सडक दुर्घटना | २०७३ | पोपपाट | जिप दुर्घटना १२ जनाको | | | | | समुदाय संगको छलफलबाट |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु, ५जना घाईते | | | | | |
| | २०७४ | मेलपानी | ट्याक्टर पल्टिएर १ जनाको मृत्यु | | | | | समुदाय संगको छलफलबाट |

**तालिका १३: वडा नं ७ को विपद्को ऐतिहासिक समयरेखा**

| विपद् | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०५० | टिमुरे | १ घर भत्केको | | | | | समुदाय संगको छलफलबाट |
| | २०६४ भदौ १९ | ढाकरपानी, रखाले | २ घर २ गोठ भत्केको | | | | १ भैंसी मरेको | समुदाय संगको छलफलबाट |
| | २०५७ | खानीवास | पहिरोले १ गोठ पुरेको | १ बच्चा पहिरोमा परेर मृत्यु भएको। | | | १४ बाखा, २ भैंसी मरेको | समुदाय संगको छलफलबाट |
| | २०७२ भदौ | रखाले | १० घर जोखिमको कारण स्थानतरण गरेको | | | | | समुदाय संगको छलफलबाट |
| बाढी | २०६४ भदौ | कुनाखर्क, खानीबास, ढ्वारेखोला, लेवसे, रखाले | | | | | ५५ रोपनी खेत धान सहित बगायको । | समुदाय संगको छलफलबाट |
| | २०७७ | ढ्वारेखोला, लेवसे खोला | | | | | ८५ रोपनी खेतमा लगाएको धानवाली नष्ट। | समुदाय संगको छलफलबाट |
| जङली | २०५५ | खानिवास | | | बाँदरको | | | समुदाय संगको |

| विपद् | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| जनावरको आक्रमण | | | | | टोकाइले गर्दा १ जना घाइते। | | | छलफलबाट |
| | २०५८ | भुसपाटा ठुलाखर्क | | | बाँदर लखेटेदा १३ वर्षको वच्चा लडेर मृत्यु । | | | समुदाय संगको छलफलबाट |
| | प्रत्येक वर्ष | वडाभरी | | | | | बाँदर, बँदेल,डुम्सी र रातेको कारण वर्षेनी ३०५ मकै खेती नष्ट । | समुदाय संगको छलफलबाट |
| आगलागी | २०५८ | झाक्रीसल्ला | १ घर, १गोठ जलेको | | | | | समुदाय संगको छलफलबाट |
| | २०६२ | ढाकेपानी | १ घर जलेको | | | | ५ बाखा, २ भैंसी मरेका | समुदाय संगको छलफलबाट |
| | २०६३ | ढाकेपानी | १ घर जलेको | | | | | समुदाय संगको छलफलबाट |
| | २०६५ | चियानडाँडा | १ गोठ जलेको | १ व्यक्ति घाईते, | | | ३ बाखा, ३ भैंसी मरेका | समुदाय संगको छलफलबाट |
| | २०६७ | गैरा | १ घर जलेको | | | | | समुदाय संगको छलफलबाट |
| | २०७३ | ढाकेपानी | १ घर जलेको | | | | | समुदाय संगको छलफलबाट |
| हुरीवतास | २०५५ | वडाभरी | | | | | ३०० रोपनीमा लगाएको मकै वाली नष्ट । | समुदाय संगको छलफलबाट |
| | २०७९ | वडाभरी | ४६ वटा | | | | | समुदाय संगको |

| विपद् | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | टनेल उडायको। १७ घरको छानो उडायको । | | | | | छलफलबाट |

**तालिका १४: वडा नं ८ को विपद्को ऐतिहासिक समयरेखा**

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०७८ भदौ | पाहारपानी | १ गोठ जलेको | | | | २ वाखा, १ पाडी, १भैसी, १ हल गोरु मरेको | समुदाय संगको छलफलबाट |
| | २०६६ | काब्रा | १ गोठ जलेको | | | | २ भैंसी, पाडापाडी मरेका | समुदाय संगको छलफलबाट |
| | २०७९ | हंसपुर परियार टोल काब्र वडाभरी | १ घर जोखिम, २ गोठ पुरेको, खानेपानी योजनामा क्षती | | | | | समुदाय संगको छलफलबाट |
| चट्याङ | २०७० | ठाडाखोला | | २ जना घाइते | | | | समुदाय संगको छलफलबाट |
| | २०७५ | वजनि | | १ जनाको मृत्यु, ४ घाइते | | | | समुदाय संगको छलफलबाट |
| | २०७८ | साखिने | | | | | ४ बोका मरेको, २ जना घाइते | समुदाय संगको छलफलबाट |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| सडक दुर्घटना | २०६६ कार्तिक | वडाभरी | | बस दुर्घटना, १९ जनाको मृत्यु | | | | समुदाय संगको छलफलबाट |
| असिना | प्रत्येक वर्ष | | | | | | सबै वालि नष्ट गरेको | समुदाय संगको छलफलबाट |
| हावाहुरी | २०५२,२०७६,२०७८ | वडाभरी | | | | | सबै वारीमा भएको ६०५ मकै र धान नष्ट भएको, | समुदाय संगको छलफलबाट |
| जङ्गली जनावरको आक्रमण | प्रत्येक वर्ष | वडाभरि | | | | | ५०० रोपनी खेतीयोग्य जमीन बाँदर, बदेँल,दुम्सी, राते,खरायोको कारण बाँझो रहेको । | समुदाय संगको छलफलबाट |
| | २०७९ | लेवसे | | | | | बाघले २०० बाख्रा, भेडा र गाई खाएको । | समुदाय संगको छलफलबाट |
| आगलागी | २०६७ | बाँझाखर्क | १ घर जलेको | | | | सबे सामान,खाद्यान्न नष्ट भएको | समुदाय संगको छलफलबाट |
| | २०७३ | माझमेला, चमेलीपाटा | २ गोठ जलेको | | | | भैंसी बाख्रा जलेको | समुदाय संगको छलफलबाट |
| | २०७५ | बाँझाखर्क, हंसपुर | २ गोठ जलेको | | | | | समुदाय संगको छलफलबाट |
| | २०७८ | कालदिप | १ घर,१ गोठ जलेको | | | | | समुदाय संगको छलफलबाट |

**तालिका १५: वडा नं ९ को विपद्को ऐतिहासिक समयरेखा**

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०७८ | कालिकादिप, माझटाकुरा, टाकुरा, लामाटोला, पात्ले | ६ घर चर्किएको | | | | | समुदाय संगको छलफलबाट |
| जगंली जनावरको आक्रमण | २०६४ साउन २० | पस्लेङ | | | १ बच्चा बाघले खाएको | | | समुदाय संगको छलफलबाट |
| | प्रत्येक वर्ष | वडाभरी | | | | | डुम्सी र बाँदरले गर्दा ३०० रोपनी खेतीयोग्य जमीन बाँझो रहेको | समुदाय संगको छलफलबाट |
| | २०७९ | वडाभरी | | | | | ६० मुरी मकै नष्ट गरेको | समुदाय संगको छलफलबाट |
| महामारी | २०५६ साउन | सेपाने | | झाडापखाला र हैजाले गर्दा ५ जना बच्चाको मृत्यु | | | | समुदाय संगको छलफलबाट |
| | २०५८ साउन | कालिकादिप | | झाडापखाला र हैजाले गर्दा १ जनाको मृत्यु र १ | | | | समुदाय संगको छलफलबाट |

| प्रकोप | साल र महिना | स्थान | भौतिक क्षती | सामाजिक क्षती | मानवीय क्षती | प्राकृतिक क्षती | आर्थिक क्षती | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | जनाको गर्भपतन भएको | | | | |
| चट्याङ | २०४३ | कालुकादिप | | १ जनाको मृत्यु | | | | समुदाय संगको छलफलबाट |
| | २०७० | लामपाटा | | १ जना घाईते, ४ बच्चा घाईते | | | १ भैंसी मरेको | समुदाय संगको छलफलबाट |
| | २०७५ | सल्ले, पस्लेङ | १ घरमा क्षती, ५० घरका टि.भि जलेका | १ जनाको मृत्यु, | | | २ बाखा मरेका | समुदाय संगको छलफलबाट |
| | २०७६ | सल्ले | | १ जना घाईते, | | | | समुदाय संगको छलफलबाट |
| | २०७८ | दोखामे | | १ जना घाईते, | | | | समुदाय संगको छलफलबाट |
| | २०७९ | उपल्ला हल्दे | | | | | ३ मिटर बक्स जलेको | समुदाय संगको छलफलबाट |
| आगलागी | २०५७ | सल्ले | १ घर जलेको | १ जनाको मृत्यु, | | | | समुदाय संगको छलफलबाट |
| | २०५२ | वसन्धारा | २ घर जलेका | | | | ३ भैंसी नष्ट | समुदाय संगको छलफलबाट |

## २.५.सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

यस पालिकाका ९ वटै वडाका केही वस्ति, कृषि, वन क्षेत्रहरू पहिरोको जोखिममा रहेका छन् । जगंली जनावरको आक्रमण, हावाहुरी, असिनापानी, खडेरीबाट प्राय सबै वडाहरूमा असर पर्न सक्छ । केहि वडाहरू वनमा हुने आगलागीबाट प्रत्यक्ष असर पर्छ भने कोभिड महामारी तथा भूकम्पबाट सबै वडाहरू र जनसंख्या प्रभावित हुनेछन्।

## २.६ कानुनी तथा संस्थागत व्यवस्था ( सम्बन्धित गाँउ/पालिका, जिल्लामा भएका )

गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४( प्रथम संशोधन, २०७५) का आधारमा गाउँपालिकामा विपद् व्यवस्थापन समिति गठन गरिएको छ । समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण अनुसूची १ मा संलग्न गरिएको छ।

गाउँपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा स्थापना गरिएको छ। यसैगरी, ९ वटै वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ ।गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ।

**तालिका १६: पालिकास्तरीय विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन तथा आवश्यक मार्गदर्शनहरू विवरण**

| क.सं. | प्रतिवेदनको नाम | पुर्व अभ्यासहरु | मुख्य सिकाइ | सुझाव |
|---|---|---|---|---|
| १ | विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७७ | विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्न सहयोगी वन्ने | समग्र विपद् व्यवस्थापन काम गर्न सहज भएको | वडा तहमा लैजानु पर्ने |
| २ | विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७४ | अनुमानको आधारमा | राहत वितरण गर्न सहज भएको | |
| ३ | स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र कार्यविधि २०७८ | भएको | केन्द्रका लागि आवश्यक पर्ने कोठा तयार हुदै | आपतकालिन कार्य संचालन केन्द्र स्थापना गरि सेवा सुचारु गर्नु पर्ने। |

## २.७ प्रकोपको पहिचान तथा स्तरीकरण

मालारानी गाउँपालिकाविगत ५ बर्षमा विपद् वाट प्रभावित जनसंख्या तथा धनजनको क्षतिको विवरण गाउपालिकाकाविपद् व्यवस्थापन समिति ,सामाजिक परिचालक र विपद् व्यवस्थापन उप–समितिवाट संकलन गरिएको छ ।विगतका वर्षहरुमा गरिएका कार्यशालाका प्रतिबेदनहरु जसमा साविकका गाविसका आवाधिक योजना पालिकाका सवल पक्षहरु तथा अवसरहरु हुदाँ हुदै पनि विकास संग सम्वन्धित चुनौतीहरु पनि छन् । यस्ता विकास संग सम्वन्धीत पक्षहरुलाई मानिसहरुले प्राकृतिक विपद्हरुको सामना कसरी गर्छन भन्ने कुरालाई निर्धारण

गर्दछन् । गाउँपालिकाको प्रकोप, संकटासन्नता तथा जोखिम विशलेषण गर्नगाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति लाई प्रकोप, संकटासन्नता तथा जोखिम विश्लेषण गरिएको छ ।गाउँपालिका सवै वडा तथा समुदायमा प्रायगरी सवै प्रकोपहरु मिल्दाजुल्दा छन् ।वडाहरुको संकटासन्नता तथा क्षमता विश्लेषणको आधारमा गरीएको समुदायसंगको छलफल तथा सुचना र सोही अवसरमा तयार गरिएको वडाको जोखिम नक्सांकनको आधारमा ९ वटै वडामा सहभागितामुलक प्रकोप स्तरिकरण गर्दा वडागत रुपमा फरक फरक रुपमा प्रकोप देखिन गएका छन । गाउँपालिकाको प्रकोपको तुलनात्मक विश्लेषण गर्दा जंगली जनावर आतंकप्रमुख प्रकोपका रुपमा देखा परेको छ । प्रकोपको दोश्रो स्थानमा पहिरा देखिन्छ भने तेस्रो स्थानमा आगलागी देखिन्छ ।

**तालिका १७: प्रकोप स्तरीकरण**

| प्रकोप | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २ | १ | १ | २ | २ | २ | २ | १ | २ |
| बाढी | ८ | ७ | ६ | ८ | ७ | ६ | ५ | ६ | १० |
| हवाहुरी | ६ | ४ | ५ | ४ | ५ | ३ | ४ | २ | ७ |
| असीना | | ५ | | ७ | | | ६ | ४ | ८ |
| जंगली जानवर आतंक | १ | २ | २ | १ | १ | १ | १ | ३ | ४ |
| महामारी | ७ | ९ | ९ | | ८ | ७ | ९ | ९ | ५ |
| हिमपात | ९ | | | | | | | | |
| भुकम्प | ८ | १० | ८ | ९ | ९ | ८ | ८ | ८ | ६ |
| आगलागी | ४ | ३ | ३ | ४ | ३ | ४ | ३ | ६ | ३ |
| कृषि रोग किरा | | | | ३ | | | | | |
| चट्याङ | ५ | ६ | ७ | ६ | ६ | ५ | ७ | ७ | १ |
| अत्याधिक बर्ष | | | | | | | | | |
| सडक दुर्घाटना | ३ | ८ | ४ | ५ | ४ | ६ | | ५ | ९ |

## २.८ जोखिम विश्लेषण

गाउँपालिकाको विपद् जोखिमलाई विश्लेषण गर्दा गाउँपालिकाको संकटासन्नतालाई स्तरीकरण गरेर हेरिएको छ।विगत वर्षमा विपद्बाट भएको जनधनको क्षति, बालिनाली तथा घरसम्पत्ति तथा भौतिक संरचनाको विनास, पशु चौपायाको क्षति, विपद्बाट प्रभावित क्षेत्र तथा जनसंख्या, उपलब्ध श्रोतसाधन र क्षमताको विश्लेषण गर्ने उद्बेश्यले बिभिन्न समयमा गरिएको संकटासन्नता तथा क्षमता विश्लेषण प्रतिबेदनबाट निम्नानुसारको जोखिम विशलेषण गरिएको छ ।

१. विभिन्न प्रकोपका कारण यसपालिकाको उच्च संकटासन्नता घरपरिवारहरु प्रत्यक्ष रुपमा प्रभावित हुन सक्ने अनुमान गरिएको छ

२. विपद्को समयमा सार्वजनीक पुर्वाधारहरुको क्षति हुनाले आवागमन अवरुद्ध भएको अवस्था हुनेछ ।

३. सुचना प्रसारण प्रविधिहरु पनि सो समयमा आरुद्ध हुनेछन् । सुचना संकलनमा कठिनाई हुनेछ जसले गर्दा प्रभावितहरुको प्रारम्भिक बिवरण प्राप्त गर्न समेत अप्ठ्यारो पर्नेछ ।

४. राहत उद्धार कार्यमा एक रुपता ल्याउन निकै समस्या हुनेछ । उद्धार तथा प्रतिकार्यमा ढिलाइ हुनेछ । सेवा तथा श्रोतमाथि अधिकाशं प्रभावितहरुको पहुँच नभएको अवस्था हुनेछ ।

५. स्वाथ्यकर्मी र स्वयंसेवक परिचालन गर्न समस्या हुनेछ र स्थानीय स्तरमा औषधीहरुको पर्याप्त उपलब्धता नरहने अवस्था हुनेछ ।

६. स्थानीय सार्वजनीक भवनहरु तथा सेवा प्रदायक निकायहरु प्रभावित हुने छन् ।

७. पूर्बचेतावनी प्रणालीको आधुनिक सामाग्रीको उपलब्धता नहुनाले समयमै पुर्व सुचना दिन नसकिने अवस्थाको सृजना हुनेछ ।

८. आवश्यक मात्रामा खाद्य तथा गैर खाद्य सामाग्रीहरुको भण्डारण नहुने हुँदा ती सामाग्रीहरुको चरम अभाव रहनेछ ।

९. विभिन्न प्रकोपहरुका कारण खेतीयोग्य जमीन, अन्नबालीहरुको क्षति तथा ठूलो मात्रामा पशुचौपाया प्रभावित हुन सक्ने पूर्वानुमान गरिएको छ ।

१०.प्रभावित परिवारका लागि स्वच्छ पिउने पानी उपलब्ध हुन नसक्ने अनुमान गरिएकोछ ।

११.विपद्बाट जनधनको क्षति सहन गर्न नसकी प्रभावितहरुमा मानसिक समस्या देखिने, लैङ्गिक हिंसामा बृद्धि हुन सक्ने, सुत्केरी र प्रसुती सम्बन्धि समस्या हुनसक्ने, बिभिन्न सरुवा रोगहरुको संक्रमण फैलिन सक्ने ।

**१२.**बिद्यालयहरु बन्द हुन सक्ने तथा बालबालिकाको शिक्षामा नकारात्मक प्रभाव पर्ने, बिद्यालयमा खानेपानी तथा शौचालयको अपर्याप्तता हुने, बिद्यालय आश्रयस्थलको रुपमा प्राय प्रयोग हुने हुँदा पठनपाठनमा बाधा हुने, पहिरो आदिका कारण बिद्यालय बन्द गर्नु पर्ने अवस्था सृजना हुन सक्ने अनुमान गरिएको छ ।

## २.९. क्षमता विश्लेषण

**तालिका १८: गाउँपालिकाको क्षमता विश्लेषण**

| क्र.स. | निकाय | सामाग्रीको विवरण | परिमाण | भण्डारण स्थल | प्राप्त गर्न लाग्ने समय |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका | खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति | १० जना | पलिका | CADRE तालिम प्राप्त जनशक्ति |
| २ | प्रहरी चौकि | खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति | ५जना | प्रहरी चौकि | तत्काल |
| ३ | गाउँपालिका | खोज तथा उद्धार सामाग्री | १ सेट | पालिका स्टोर | आधा घण्टा |
| ४ | स्वास्थ्य शाखा | औषधी | २० जना | स्वास्थ्य शाखा स्टोर | आधा घण्टा |
| ५ | वडा कार्यालय | वडा विपद व्यवस्थापन समिति गठन | ९ वडा | वडा कार्यालय | तत्काल |
| ६ | गाउँपालिका | एम्वुलेन्स | २ वटा | पालिका ग्यारेज | आधा घण्टा |

## २.१० प्रकोप पात्रो, मौसमी पात्रो, बाली तथा बनस्पती पात्रो विश्लेषण

### २.१०.१ प्रकोप पात्रो

स्थानिय मौसम र मौसमी अवस्था, बाली तथा प्रकोपमा आएको परिवर्तन बारे जानकारी हासिल गर्न परिवर्तित प्रकोप तथा मौसमी पात्रा विधिको प्रयोग गरिएको थियो । समुदायको ज्येष्ठ नागरीक, बुद्धिजीवीसंगको छलफलबाट भएको जलवायु सम्बन्धी जानकारी विवरणका आधारमा गर्मि, जाडो, वर्षाको स्वरुप, बिरुवाको व्यवहार, प्रकोपको स्वरुप आदिमा आधारित यो पात्रो तयार गरिएको थियो । मौसमी पात्रो सम्बन्धि जानकारी हासिल गर्न बिगतको करिब ३० वर्ष पहिले र हालको बारे तुलनात्मक अध्ययन गरी प्रकोप, तापक्रम आदि हुने समयमा परिवर्तन आएको वा नआएको प्रस्ट समुदायमा देखिएको थियो । मालारानी गाउँपालिकामा तयार पारिएको परिवर्तित मौसमी पात्रो तलको तालिकामा उल्लेख गरिएको छ ।

पहिले बैशाख र जेठमा उच्च गर्मि हुने गरेकोमा अहिले असारमा उच्च गर्मि हुने गरेको छ भने मध्यम गर्मि पनि भाद्र र चैत्रमा हुन थालेको छ । त्यैसैगरी उच्च जाडोका दिनहरु उस्तै रहेपनि मध्यम जाडोका दिनहरु करिव १ महिनाले घटेका छन । जेठ देखि हुने वर्षा अहिले असरको अन्त्य देखि सुरु हुने तर धेरै वर्षा साउन र भाद्र महिनामा हुने गरेको छ । मनसुनी वर्षा असोजमा पनि बढ्दै गैरहेको छ । पानीका मुलहरु पहिले असार देखि नै फुट्ने गरेको भए पनि अहिले दुई महिना पछि तथा भाद्रमा मात्रै फुट्ने र मङ्सिर सम्म रहने गरेको छ । मुलको पानी साउन देखि पुस सम्म पर्याप्त हुने गरेकोमा अहिले मङ्सिर पछि सुक्न थालेको छ । यसले गर्दा गाउँपालिकामा खडेरी पर्ने सम्भावना बढ्दै गएको र आगलागी हुने, कृषि उत्पादन घट्ने, नयाँ रोगहरु लाग्ने क्रम बढेको छ । विगत ३/४ वर्ष देखि कृषि तथा पशुमा लाग्ने रोग बढ्दै गएको पाइएको छ । मालारानी गाउँपालिकामा तयार पारिएको परिवर्तित प्रकोप पात्रो तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १८: गाउँपालिकाको प्रकोप पात्रा**

| मौसमका सुचकहरु | समय | बैशाख | जेष्ठ | असार | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गर्मि | पहिले | | | | | | | | | | | | |
| जाडो | अहिले | | | | | | | | | | | | |
| मनसुनी वर्षा | पहिले | | | | | | | | | | | | |
| हिउँदे वर्षा | अहिले | | | | | | | | | | | | |
| शितलहर | पहिले | | | | | | | | | | | | |
| तुसारो | अहिले | | | | | | | | | | | | |
| पानीको मुल | पहिले | | | | | | | | | | | | |
| फाट्ने बाढी | अहिले | | | | | | | | | | | | |
| पहिरो | पहिले | | | | | | | | | | | | |
| मौसमका सुचकहरु | अहिले | | | | | | | | | | | | |
| गर्मि | पहिले | | | | | | | | | | | | |
| जाडो | अहिले | | | | | | | | | | | | |
| मनसुनी वर्षा | पहिले | | | | | | | | | | | | |
| हिउँदे वर्षा | अहिले | | | | | | | | | | | | |
| शितलहर | पहिले | | | | | | | | | | | | |
| तुसारो | अहिले | | | | | | | | | | | | |
| पानीको मुल | पहिले | | | | | | | | | | | | |
| फाट्ने | अहिले | | | | | | | | | | | | |

उच्च: रातो, मध्यम: पहेलो, न्यून: हरियो

## २.१०.२ मौसमी पात्रो

प्रकोपको पात्रोमा पनि विगत केहि बर्षदेखि केहि भिन्नता आइरहेको पाइएको छ । खासगरी पहिरो बाढी, हावाहुरीको समय चक्र बदलिएको महसुस गरिएको छ भने जंगली जनावरको आतंकमा धेरै बृद्धि भएको छ । मनसुनको प्रबृती फरक हुदा जेठ/असार देखि पानी पर्नु पर्नेमा ढिलो सुरुवात हुने र अत्याधिक वर्षा हुने क्रम बढ्दा बाढी पहिरो जाने महिना असोज तिर सरेको पाइएको छ। आगलागी र महामारीको समय चक्रमा परिर्वतन नआए पनि यसका प्रकृति फेरिदा बढी प्रभावित हुने क्रम बढेको छ।

**तालिका १९: गाउँपालिकाको मौसमी पात्रा**

| प्रकोप | बैशाख | जेष्ठ | असार | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुन | चैत | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जंगली जनावर | पहिले | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अहिले | | | | | | | | | | | | |
| हवाहुरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| पहिरो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| महामारी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| बाढी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चट्याङ | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

### २.१०.३ बालि तथा वनस्पती पात्रो

मालारानी गाँउपालीकाको क्षेत्रफल ठुलो तथा यसको भौगोलिक वनावटले यहाँ पाइने बाली तथा बनस्पति पनि भित्र वडामा भित्र किसिमका बनस्पति पाइने सम्भावना हुन्छ । वडा स्तरमा गरिएको छलफल अनुसार गाउँपालिकामा रहेको मुख्य खाद्य बाली, फलफुल तथा अन्य बनस्पतिको पात्रो तालिकामा दिइएको छ । विभिन्न बालीहरुको विउ छर्ने,लगाउने पाक्ने समय अथवा बाली चक्र परिवर्तन भइरहेको छ । जस्तै धान, गहु, तथा बर्खे मकैको चकमा परिवर्तन आएको छ ।

करिब ३० बर्ष अगाडी धानको विउ जेठको अन्तिम साता देखि असारको तेस्रो साता सम्म बेर्ना लगाउने,साउनको दोस्रो साता देखि भाद्रको दोस्रो साता सम्म रोपाई भैसकेर कार्तिक मंसिरमा धान पाक्ने गरेको थियो भने वर्षाको समय तथा तापक्रम परिवर्तन हुँदा विउ जेठको सुरुमै राखे असारको अन्त्य देखि साउन पहिलो साता सम्म रोपाई गरेर असोज/कार्तिक तिर पाक्ने गरेको छ । त्यसै गरि बर्खे मकैको पात्रो पनि फेरिएको छ, जहाँ मकैको विउ छर्ने २ हप्ताले पछि सरेको छ । गहुँ पाक्ने समय १ महिनाले अघि सरेको छ भने फलफुल तथा अन्य बनस्पति जस्तै फलफुलहरुमा आँप,लिचीको चक्रमा पनि परिर्वतन आइरहेको छ ।

**तालिका २०: गाउँपालिकाको बालि तथा वनस्पती पात्रा**

| बाली/वनस्पति | | बैशाख | | | | जेष्ठ | | | | असार | | | | साउन | | | | भाद्र | | | | असोज | | | | कार्तिक | | | | मंसिर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत्र | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| धान | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मकै | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मकै(खेत | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| गहुँ | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| तोरी | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| आँप | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| लिची | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

## २.११ प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली बिश्लेषण

यस गाउँपालिकाको पूर्व सुचना प्रणालीलाई अझ प्रभाबकारीरुपमा कार्यान्वयन गर्नका लागि जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रसंग जिल्लाका सवै स्थानीयतहरुको संजालीकरण गर्नका लागि LEOC लाई कृयाशील बनाउनु पर्ने देखिएको छ ।

# परिच्छेद ३: पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ विषयगत क्षेत्रहरू तथा जिम्मेवार निकाय

मालारानी गाउँपालिकामा हुन सक्ने प्रकोपलाई मध्यनजर गरेर ती प्रकोपहरुसंग जुध्नका लागि क्षेत्रगत अवधारणाको विकास गरिएको छ । विपद्को समयमा प्रतिकार्य गर्नका लागि ८ वटा विषयगत क्षेत्रहरु निर्धारण गरी कार्य समूहहरू गठन गरेको छ ।

### ३.१.१ आपतकालिन समग्र व्यवस्थापन, सूचना समन्वय, खोज तथा उद्धार

यस विषयगत क्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वानुमान प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत (वा हस्तान्तरण) को लागि प्रवन्ध मिलाउने, पीडितहरूलाई राहत रकम वितरण गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

### ३.१.२ खाद्य सुरक्षा कृषि तथा पशु

यस विषयगत क्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल सुख्खा खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, पकाउनको लागि प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

### ३.१.३ स्वास्थ्य तथा पोषण

यस विषयगत क्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएमा विरामीलाई अस्पताल सम्म पुर्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, बालबालिकामा पोषणको कमि भएमा त्यसबाट हुनसक्ने समयस्या बारे पीडित र सरोकारवालालाई सचेत गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

### ३.१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन

विषयगतक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति, प्रकोपको कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट) उपलब्ध गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

### ३.१.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री तथा शिघ्र पुर्नलाभ

यस विषयगतक्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थाका पीडितहरूलाई आपत्कालीन आश्रय वा वासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई गैर-खाद्य सामग्री वितरण आदि जिम्मेवारी निर्वाह गर्नेछ साथै यस विषयगत क्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

### ३.१.६ संरक्षण तथा सामाजिक सुरक्षा

यस विषयगतक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूलाई आवश्यकता बमोजिमका सरसामानहरू (जस्तैः डिग्निटी किट) उपलब्ध गर्ने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने, हिंसामुक्त वातावरण सिर्जना गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

### ३.१.७ आपत्कालीन शिक्षा

यस विषयगतक्षेत्रले विपद्को कारण यदि विद्यालय ३ दिन भन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराएमा सो को व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

**तालिका २१ः क्षेत्रगत अगुवा निकायका प्रमुख र सर्म्पक व्यक्तिहरू**

| क्र.स. | क्षेत्रगत | क्षेत्रगत अगुवा निकाय | मुख्य जिम्मेवार व्यक्ति | पद | कार्यालय फोन | मोबाइल नं. |
|---|---|---|---|---|---|---|
| १ | आपतकालिन समग्र सुचना समन्वय, खोज तथा उद्धार | मालारानी गाउँपालिका | श्री दल बहादुर भट्टराई | अध्यक्ष | | ९८५७०६१०७० |
| २ | खाद्य, कृषि तथा जिविकोपार्जन विषयगत क्षेत्र | मालारानी गाउँपालिका | श्री दधिराम आचार्य | संयोजक वन तथा वि.व्य.समिति | | ९८४४७४०५८६ |
| ३ | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण क्षेत्र | सामाजिक विकास समिति | श्री तुल्सीराम मिश्र | संयोजक सामाजिक विकास समिति | | ९८५७०२९३३९ |
| ४ | खानेपानी सरसफाइ तथा स्वच्छता | भौतिक पुर्वाधार विकास समिति | श्री महेन्द्रबाबु खनाल | वडा अध्यक्ष | | ९८५७०६३९०६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | आपतकालिन शिविर व्यवस्थापन तथा गैह खाद्य सामाग्री तथा तथा बन्दोबस्ती | भौतिक पुर्वाधार विकास समिति | श्री लिल बहादुर वि.क. | कार्यपालिका सदस्य | | ९८५७०६६५६८ |
| ६ | संरक्षण तथा सामाजिक सुरक्षा | मालारानी गाउँपालिका | श्री दिपा पोखेल | उपाध्यक्ष | | ९८६७१५१८०९ |
| ७ | आपतकालिन शिक्षा | शिक्षा शाखा | श्री योगेन्द्रनाथ भुसाल | कार्यपालिका सदस्य | | ९८५७०६११६८ |
| ८ | सिघ्र पुर्नलाभ | मालारानी गाउँपालिका | श्री खड्ग प्रसाद भुसाल | संयोजक पुर्वधार विकास समिति | | ९८५७०६९३५९ |

## ३.२ सामान्य पूर्वतयारी योजना

विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषयगत क्षेत्र अनुसार सामान्य पूर्वतयारीका गतिविधिहरू निम्नानुसार योजना गरिएको छ ।

**तालिका २२: आपतकालिन समग्र सूचना समन्वय, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय विपद् व्यवस्थापन समितिको आपतकालिन बैठक वस्ने | २०८० मनसुन हुनपुर्व | पालिका | हरेक वडामा एक र पालिका स्तरमा एक | वडा तथा पालिका स्तरिय विपद् व्यवस्थापन समिति |
| २ | स्थानीय स्वयं सेवक परिचालन | २०८१ बैशाख | पालिका | हरेक वडामा एक र पालिका स्तरमा एक | वडा तथा पालिका स्तरिय विपद् व्यवस्थापन समिति |
| ३ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि अनुसूची ४ मा उल्लेख भएबमोजिम सर्वेक्षण टोली गठन वा पुनर्गठन गर्ने । र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने, तालिम आयोजना गर्ने । | हरेक सिजन शुरू हुनासाथ | पालिकाका हरेक वडामा | हरेक वडामा एक र पालिका स्तरमा एक | वडा तथा पालिका स्तरिय विपद् व्यवस्थापन समिति |
| ४ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत | बैशाख २०८१ | पालिकामा | १०० प्रति | सामाजिक विकास शाखा, |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | घरधुरी सर्वेक्षण फारम तयार गर्ने । | | | | |
| ५ | राहत वितरणका लागि सिफारिस फारम लगायतका कागजात तयार गर्ने । | बैशाख २०८१ | पालिकास्तरमा | १०० प्रति | विपद् व्यवस्थापन शाखा |
| ६ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने, सम्बन्धित विषयको तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने । | जेठ २०८१ | वडामा | हरेक वडामा एक | विपद् व्यवस्थापन शाखा |
| ७ | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मरम्मत, व्यवस्थापन गर्ने । | निरन्तर | वडा र पालिका स्तरमा | हरेक वडामा कम्तिमा एक सेट | पालिका विपद् व्यवस्थापन समिति, वडा समितिहरू |
| ८ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सम्पर्क सूची तयार गर्ने । | निरन्तर | पालिका स्तरमा | १ वटा एम्बुलेन्स | विपद् व्यवस्थापन शाखा, स्वास्थ्य केन्द्र/शाखा |
| ९ | बाढी पहिरोबाट बच्न र बचाउन सुरक्षित स्थान पहिचान र अद्यावधिक गर्न हरेक वडामा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने र सो को सूची तयार एवं अद्यावधिक गर्ने । | निरन्तर | वडाअनुसार | वर्षमा १ पटक | विपद् व्यवस्थापन शाखा |
| १० | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची राजपत्रमा प्रकाशित भएपछि आश्रयस्थलका रुपमा प्रयोग गर्न चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, विस्तार गर्ने | (तत्काल शुरु गर्नु पर्नेछ) | तोकिएको मापदण्ड अनुसार | एक योजना बनाएर | भौतिक पुर्वाधार , विपद् व्यवस्थापन शाखा |
| ११ | प्रकोपबाट समुदायलाई | आवश्यकता | हरेक वडामा | १ वटा | पालिका, सम्बन्धित वडा |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | बचाउन आपत्कालीन आश्रय भवनहरू निर्माण गर्ने । | अनुसार | जोखिममा रहेका समुदाय नजिक | | |
| १२ | बाढीपहिरो, शीतलहर, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सो बाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | पालिका स्तरमा सञ्चालित एफ.एम. मार्फत | सिजन शुरू हुनुभन्दा अगावै कम्तिमा २ पटक | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| १३ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने, गराउने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | वडा र पालिकास्तरमा | मूख्य प्रकोपहरूमा आधारित रही हरेक वर्ष कम्तिमा १,१ पटक | पालिका विपद् व्यवस्थापन समिति |
| १४ | LEOC को स्थापना तथा सञ्चालन गर्ने | २०८१ बैशाख | पालिका | | पालिका |
| १५ | पालिका स्तरिय विपद् व्यवस्थापन कोष स्थापना गर्ने | २०८१ असाढ | पालिका | २५,००००। | विकास साझेदार |

### तालिका २३: खाद्य सुरक्षा कृषि तथा पशु क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | मनसुन पुर्व विषयगत क्षेत्रको बैठक गर्ने | २०८० बैशाख | पालिका | वर्षमा २ पटक | कृषि विकास शाखा |
| २ | विपद्मा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने । साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने । | निरन्तर | पालिकास्तरमा | वर्षको १ वा २ पटक | कृषि शाखा, सम्बन्धित कार्य समूह |
| ३ | विपद्बाट प्रभावित हुनसक्ने जनसंख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | पालिकास्तरमा | वर्षको २ पटक | कृषि शाखा, सम्बन्धित कार्यसमूह |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| ४ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | पालिकास्तरमा | कम्तिमा २ वटा ठूला पसलहरू वा उद्योग | कृषि शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| ५ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे यस विषयगत क्षेत्रका सदस्यहरू वीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | वडास्तरमा | मुख्य प्रकोपहरू देखापर्नुभन्दा पहिले कम्तिमा १ पटक | कृषि शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| ६ | प्रभावित परिवार लाई विउ विजन वितरण तथा सिचाई संरचनाको सुचारु गर्ने ( विउ विजन स्टोर गर्ने ) | विपद् पश्चात | वडास्तरमा | आवश्यकताका आधारमा | पालिका |

## तालिका २४: स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | स्वास्थ Cluster समितिको आपतकालिन बैठक वस्ने | मनसुन पुर्व | पालिका | १ पटक | स्वास्थ्य शाखा |
| २ | मनोसामाजिक परामर्शदाताको सुचि तयार गर्ने । | मनसुन पुर्व | पालिका | १ पटक | स्वास्थ्य शाखा |
| ३ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने । | हरेक महिना, औषधिको गुण अनुसार | पालिका स्तरमा | ५०० जनाको लागि | स्वास्थ्य शाखा |
| ४ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची अद्यावधिक गर्ने । | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | पालिका स्तरमा | वर्षमा १ पटक | स्वास्थ्य शाखा, स्वास्थ्य कार्यसमूह |
| ५ | प्रतिकार्यको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने । | आवश्यकता अनुसार तत्कालै | पालिका स्तर र वडास्तरमा | पालिकामा ५ जना, वडास्तरमा २ जना | स्वास्थ्य शाखा, पालिका |
| ६ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको | नियमित | वडास्तरमा | हरेक वडामा एक जना | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने । | | | | सदस्यहरू |
| ७ | महामारी COVID सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने । | नियमित | हरेक वडाका जोखिमयुक्त बस्ती स्तरमा | वर्षमा कम्तिमा ३ पटक | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| ८ | कोभिड माहामारीका लागि आश्रय स्थल छनौट गर्ने | महामारी पुर्व | पालिका | आवश्यकता अनुसार | CCMC |
| ९ | न्यानो कपडा व्यवस्थापन गर्ने | आवश्यकता अनुसार | पालिका | ५० जना | स्वास्थ्यका लागि पहुच कार्यक्रम |
| १० | महिनावारी र सुत्केरी महिला सरक्षण गर्ने | आवश्यकता अनुसार | पालिका | ५० जना | स्वास्थ्यका लागि पहुच कार्यक्रम |

**तालिका २५: खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | RM-WASH-CC लाई सक्रिय बनाउन अभिमुखिकरण गरी जिम्मेवारी दिने | मनसुन पुर्व | पालिका | नियमित | भौतिक पुर्वाधार शाखा खानेपानी |
| २ | सामान्य क्षती भएका खानेपानी संरचना हरुको मर्मत सम्भारका लागि सामाग्री व्यवस्थापन गर्ने । | बैशाख जेठ | पालिका | नियमित | भौतिक पुर्वाधार शाखा खानेपानी |
| ३ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने औषधिको उचित भण्डारण गर्ने । | प्रकोप जोखिम अनुसार हरेक महिना | पालिका स्तरमा | वर्षमा कम्तिमा १ पटक | भौतिक पुर्वाधार शाखा खानेपानी |
| ४ | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने । | प्रकोप जोखिम अनुसार हरेक महिना | पालिका स्तरमा | वर्षमा कम्तिमा १ पटक | खानेपानी, सरसफाइ तथा स्वच्छता कार्य समूह |
| ५ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गर्ने । | प्रकोप जोखिम अनुसार हरेक महिना | पालिका स्तरमा | वर्षमा कम्तिमा १ पटक | खानेपानी, सरसफाइ तथा स्वच्छता कार्य समूह |
| ६ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने । | निरन्तर | वडा तथा समुदायस्तरमा | हरेक प्रभावित वडाहरू | पालिका , खानेपानीसँग सम्बन्धित निकायहरू |

**तालिका २६: आपत्कालीन शिविर आश्रय स्थल व्यवस्थापन तथा शिध्र पुर्नलाभ र गैर-खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | आश्रय स्थल सञ्चालनका लागि आवश्यक सामाग्रीहरु पुर्व भण्डारण गर्ने | २०८१ बैशाख ,जेठ | पालिका | १ पटक | भौतिक पुर्वाधार शाखा |
| २ | प्रभावित जनसंख्या मध्ये फरक क्षमता भएका व्यक्ति लाई थप सामाग्रीको व्यवस्थापन गर्ने | २०८१ बैशाख ,जेठ | पालिका | १ पटक | भौतिक पुर्वाधार शाखा |
| ३ | अस्थायी आवासका लागि स्थान छनौट गर्ने | २०८१ बैशाख ,जेठ | पालिका | १ पटक | गाउँकार्यपालिका |
| ४ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा वासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | सबै वडामा | ५० परिवारका लागि | सरसफाइ शाखा विकास साझेदार ,नेपाल रेडक्रस सोसाइटी |
| ५ | आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने । | | थोक विक्रेता, धनगढी | ५० परिवारका लागि | पालिका, नेपाल रेडक्रस सोसाइटी |
| ६ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्था र उचित संरक्षण गर्ने । | निरन्तर | सबै वडामा | ५० परिवारका लागि | पालिका र सम्बन्धित वडा |
| ७ | गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने । | निरन्तर | पालिका गोदाम घरहरू (Warehouse) | कम्तिमा ५० परिवारका लागि | पालिका, नेपाल रेडक्रस सोसाइटी |
| ८ | विपद् प्रभावित स्थान वा शिविर खडा गर्नुपर्ने स्थान सम्म सरसामान तथा औजारहरू लैजान सवारी साधनको व्यवस्था गर्ने । | निरन्तर | पालिका रस्तरमा | वर्षमा कम्तिमा २ पटक | विषयगत क्षेत्रका सदस्यहरू |
| ९ | अस्थायी आश्रय वा वास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | वडास्तरमा | हरेक वडामा | विषयगत क्षेत्रका सदस्यहरू |
| १० | बाढीपहिरो लगायतका अन्य प्रकोपहरूले असर नगर्ने सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, शौचालयको | निरन्तर | वडास्तरमा | सबै वडाहरूमा | प्राविधिक शाखा पालिका |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | व्यवस्था गर्ने । | | | | |
| ११ | आश्रय स्थल छनौट गर्ने | नियमित | पालिका तथा वडास्तरमा | सबै वडामा | गाउँ कार्यपालिका |
| १२ | खोलाकटान वाढिपहिरो लगायतका अन्य प्रकोपहरूले असर नगर्ने सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, शौचालयको व्यवस्था गर्ने । | निरन्तर | वडास्तरमा | सबै वडाहरूमा | प्राविधिक शाखा,छायानाथ रारा |
| १३ | अत्यावश्यक सेवाहरू (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्न तत्काल परिचालनका लागि प्राविधिक टोली गठन गर्ने र आवश्यक सामग्रीहरूको प्रवन्ध मिलाउने । | निरन्तर | पालिका स्तर र वडास्तरमा | पालिकामा एक, वडास्तरमा एक | प्राविधिक शाखा र विषयगत क्षेत्रका सदस्यहरू |

### तालिका २७: संरक्षण तथा सामाजिक सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी पुस्तिका तयार एवं प्रकाशन गर्ने । | निरन्तर | पालिका | कम्तिमा १०० प्रति | महिला विकास शाखा |
| २ | विपद्को समयका लागि अत्यावश्यक गैहखाद्य सामग्रीहरू ( जस्तैः डिग्नीटी किट र किशोरी किट ) खरिद, जाहो गरी भण्डारण गर्ने । | निरन्तर | पालिकाका गोदाम घरहरू (Warehouse) | १० वटा | संरक्षण तथा सुरक्षा विषयगतक्षेत्रका सदस्यहरू |
| ३ | उमेर, शारीरिक अवस्था, अपाङ्गता अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गर्ने र लागू गर्ने । | तत्काल | पालिका | १ पटक | महिला विकास शाखा र नेपाल रेडक्रस सोसाइटी |
| ४ | विद्यालयका शिक्षकहरू र महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत | निरन्तर | वडास्तरमा | १ विद्यालयबाट १ जना, | महिला विकास शाखा र नेपाल रेडक्रस सोसाइटी |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | मनोसामाजिक परामर्श तालिम दिने । | | | वडामा २ जना महिला स्वास्थ्य स्वयंसेविका | |
| ५ | विपद्को समयमा परिचालन हुने विषयगतक्षेत्र- का सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने । | निरन्तर | वडास्तरमा | प्रकोप अनुसार कम्तिमा १ पटक | विषयगत क्षेत्रका सदस्यहरू |
| ६ | प्राथमिक उपचार सामाग्रीको व्यवस्थापन | निरन्तर | पालिका स्तरमा | १० सेट | पालिका |
| ७ | अपाङ्ग व्यक्तिको तथ्याक अध्यावधिक गर्ने | निरन्तर | पालिका | | महिला विकास शाखा |

## तालिका २८: आपत्कालीन शिक्षा विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय,संस्था |
|---|---|---|---|---|---|
| १ | मनसुन पुर्व विषयगत क्षेत्रको वैठक गर्ने | मनसुन पुर्व | पालिका | १ पटक | पालिका स्थित शिक्षा शाखा |
| २ | बाढी पहिरो ,हावाहुरीले प्रभावित गर्नसक्ने विद्यालयहरूको सूची अद्यावधिक गर्ने । सम्भावित क्षतिको आँकलन गर्ने । | वर्षको १ पटक | वडास्तरमा | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ३ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरू तयारी अवस्थामा राख्ने । | निरन्तर | पालिकास्तरमा | १० वटा विद्यालयको लागि | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ४ | बाढीपहिरोबाट विद्यार्थीमा हुनसक्ने प्रभावहरूको बारेमा विद्यालयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | विद्यालयस्तरमा | सम्पुर्ण विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ५ | चट्याङ पर्ने समयमा त्यसबाट बच्न/जोगिन अपनाउनुपर्ने उपाय बारे विद्यालयहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र एफ.एम.बाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने | निरन्तर | विद्यालयस्तर र पालिकास्तरमा | १० वटा विद्यालय र एफ.एम.बाट कम्तिमा ७ दिन (प्रकोपमा केन्द्रित भई) | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ५ | प्रकोपले प्रभावित गर्ने सम्भावना भएको जानकारी प्राप्त भएमा | निरन्तर | विद्यालयस्तरमा | प्रकोपमा आधारित रही १ | |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय,संस्था |
|---|---|---|---|---|---|
| | विद्यालयमा पठनपाठन चलिरहेको बेला विद्यार्थी र शिक्षकले गर्ने क्रियाकलापहरू समेटी आपत्कालीन अवस्थाको लागि कार्यविधि बनाउने । | | | पटक | |
| ६ | विद्यालयको वार्षिक क्यालेण्डरमा वृहत विद्यालय सुरक्षा गतिविधिहरु अनिवार्य समावेश गर्ने | निरन्तर | विद्यालय स्तरमा | प्रकोपको आधारमा | शिक्षा शाखा |
| ७ | सुचना संकलनका लागि आवश्यक फारम तयारी अवस्थामा रख्ने | निरन्तर | विद्यालय स्तरमा | प्रकोपको आधारमा | शिक्षा शाखा |
| ८ | विद्यालय स्तरमा कृतिम घटना अभ्यास Duck cover Hold लाई निरन्तरता दिने | निरन्तर | विद्यालय स्तरमा | प्रकोपको आधारमा | शिक्षा शाखा |

## ३.३ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गरिने कृयाकलापहरूको योजना देहाय बमोजिम गरिएको छ ।( हाल नेपालमा विशेषगरी ३ दिन अगाडीको सुचना लाई पुर्वानुमान मानेर काम गर्न सुरुवात गरेको छ ।

**तालिका २९: आपतकालिन समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पुर्वानुमानमा आधारित पूर्वतयारी योजना**

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | वर्षा र आँधी/हावाहुरीको पूर्वानुमान सम्बन्धी जानकारी जल तथा मौसम विज्ञान विभाग (सिधै वा वेभपेज मार्फत) र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट आदानप्रदान गर्ने । | माघ देखि असोज सम्म | पालिका स्तरमा | दिनमा कम्तिमा १ पटक | विपद् व्यवस्थापन शाखा |
| २ | अत्यधिक वर्षा भई बाढी पहिरो आउनसक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउनसक्ने सम्भावना भएमा सूचना जारी गर्ने । आपत्कालीन अवस्थामा अपनाउन पर्ने कार्यबिधिको सन्देश प्रशारण गर्ने र सामाग्रीको व्यवस्थापन गर्ने । | पूर्वानुमान प्राप्त भए लगत्तै | पालिकाबाट बस्तीसम्म पहुँच हुनेगरी | पूर्वानुमानको खवर पश्चात दिनमा कम्तिमा ३ पटक | पालिका विपद् व्यवस्थापन समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विपद् हुनसक्ने सम्भावना देखिएमा सबै विषयगत क्षेत्रहरूलाई तयारी अवस्थामा रहन आग्रह गर्ने । | पूर्वानुमान प्राप्त भए लगत्तै | पालिका स्तरमा | सूचना प्राप्त भएपछि कम्तिमा एक पटक र आवश्यकता अनुसार थप | आपत्कालीन कार्यसञ्चालन केन्द्र, पालिका अध्यक्ष , उपाध्यक्ष |
| ४ | विपद् पूर्वानुमान अनुरुप वडास्तरीय समितिलाई जानकारी गर्ने ।<br>प्रभावित हुनसक्ने समुदायलाई सुरक्षित स्थानमा सर्न आग्रह गर्ने, सघाउने । | पूर्वानुमान प्राप्त भए लगत्तै | पालिका क्षेत्र सबैमा | जोखिममा रहेका सबै समुदाय | आपत्कालीन कार्यसञ्चालन केन्द्र, पालिका अध्यक्ष वा उपाध्यक्ष |
| ५ | खोज तथा उद्धार टोली र क्षति सर्वेक्षण टोली तयारी अवस्थामा राख्ने । | पूर्वानुमान प्राप्त भए लगत्तै | पालिका स्तरमा, वडास्तरमा | प्रकोपअनुसार | पालिका विपद् व्यवस्थापन समिति |

**तालिका ३०: खाद्य सुरक्षा कृषि तथा पशु क्षेत्रको पुर्वानुमानका आधारित पूर्वतयारी योजना**

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | पालिकाविपद् व्यवस्थापन समिति बाट विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | खाद्य विषयगत कार्य समूह |
| २ | विपद्को समयमा खाद्य सामग्रीहरू विपद् प्रभावित स्थानमा लैजान सवारी साधन तयारी अवस्थामा राख्ने र भण्डारण गरिएको खाद्य सामग्रीहरूको अवस्था निरिक्षण गर्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | स्टोर शाखा |
| ३ | छनौट भएका खाद्य वस्तु बिक्रेताहरुलाई सामान मौज्दात अवस्थामा राख्न सुचना प्रदान गर्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | स्टोर शाखा |

**तालिका ३१: स्वास्थ्य तथा पोषण क्षेत्रको पुर्वानुमानमा आधारित पूर्वतयारी योजना**

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | पूर्वानुमानको जानकारी | पालिका स्तरमा | सूचना प्राप्त भएपछि १ | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका |

| | | | | | |
|---|---|---|---|---|---|
| | जनशक्तिपरिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक ।<br>आपत्कालीन् योजना लागू गर्ने । | पश्चात तत्कालै | | पटक र आवश्यकता अनुसार थप | समूह सदस्यहरू |
| २ | विपद् प्रभावित स्थानमा लैजाने औषधी तथा उपकरण ठिक अवस्थामा भए नभएको निरिक्षण गर्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका समूह सदस्यहरू |
| ३ | प्राथमिक उपचार र स्वास्थ्य सेवा उपलब्ध गराउन जनशक्ति र सवारी साधन तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका समूह सदस्यहरू |
| ४ | विपद् प्रतिकार्यको विषयक्षेत्रगत कृत्रिम घटना अभ्यास गरी कमजोरीहरूको निराकरण गर्ने । | पूर्वानुमानको जानकारी पश्चात | वडास्तर र पालिका स्तरमा | मुख्य प्रकोपको आधारमा कम्तिमा १ पटक | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका समूह सदस्यहरू |
| ५ | औषधि खरिद तथा व्यवस्थापन | बैशाख भित्र | पालिका | | |

**तालिका ३२: खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना**

| क.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | सामाजिक विकास शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| २ | खानेपानी शुद्धिकरणका लागि पर्याप्त औषधि तथा प्रविधिको व्यवस्था गर्ने, तुरून्त प्रयोग गर्न सकिने गरी तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | खानेपानी तथा सरसफाइ शाखा |
| ३ | सरसफाइका लागि परिचालन हुन आवश्यक सवारी साधन, उपकरणहरू तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | सरसफाइ ईकाई, |
| ४ | विपद् प्रभावित स्थानमा खानेपानी वितरण र सरसफाईका लागि परिचालित हुन विषयगत क्षेत्रका सदस्यहरूलाई तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | सामाजिक विकास शाखा, विषयगत क्षेत्रका सदस्यहरू |

**तालिका ३३: आपत्कालीन शिविर व्यवस्थापन आश्रय र शिध्र पुर्नलाभ र गैर-खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना**

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | नेपाल रेडक्रस सोसाइटी र विषयगत क्षेत्रका सदस्यहरू |
| २ | अवस्था हेरी गाउँ क्षेत्रमा करिब १०० जनालाई अस्थायी रूपमा तीन दिनसम्म राख्न सकिने गरी आपत्कालीन आश्रय स्थल तयारी अवस्थामा राख्ने । | तत्कालै | वडास्तर र पालिका स्तरमा | प्रकोप अनुसार | पालिका , र विषयगत क्षेत्रका सदस्यहरू |
| ३ | अस्थायी आश्रय वा आवास निर्माणका सामग्रीहरू तथा औजारहरू तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | नेपाल रेडक्रस सोसाइटी र विषयगत क्षेत्रका सदस्यहरू |
| ४ | अस्थायी आश्रय वा आवास निर्माण सामग्री तथा औजारहरू ढुवानीको लागि सवारी साधन, निर्माण जनशक्ति तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | विषयगत क्षेत्रका सदस्यहरू |
| ५ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | प्राविधिक शाखा, पालिका |
| ६ | अत्यावश्यक सेवा सुचारू गर्नका लागि भण्डारण गरिएका आवश्यक सामग्री तथा उपकरणहरू निरिक्षण गर्ने र दक्ष जनशक्ति तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | प्राविधिक शाखा, पालिका |
| ७ | सर्वेक्षण टोलीमा समावेश हुने व्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | प्राविधिक शाखा, पालिका |

**तालिका ३४: संरक्षण तथा सामाजिक सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना**

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | महिला विकास शाखा, संरक्षण कार्यसमूह |
| २ | विपद्जन्य घटनाबाट प्रभावितलाई परामर्श सेवा दिन परामर्श टोली तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | महिला विकास शाखा, संरक्षण कार्यसमूह |
| ३ | विपद् प्रभावित स्थान वा शिविर सञ्चालन भएको स्थानमा लैजाने सरसामानहरू (जस्तैः डिग्निटी किट) तैयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | प्रकोपको सिजन अनुसार | महिला विकास शाखा, संरक्षण कार्यसमूह |

**तालिका ३५: आपत्कालीन् शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना**

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विद्यालयको भौतिक संरचनाका वारेमा तथ्याक संकलन गर्ने | नियमित | पालिका | तथ्याक अपडेट गर्ने | शिक्षा शाखा |
| २ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरू- लाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | शिक्षा शाखा, मालारानी गाउँपालिका |
| ३ | सबै विद्यालयलाई शिक्षण सामग्रीहरू सुरक्षित ठाउँमा राख्न अनुरोध गर्ने । | समन्वयात्मक बैठक पश्चात | विद्यालय स्तरमा | प्रकोप अनुसार | शिक्षा शाखा, मालारानी गाउँपालिका |
| ४ | विपद्को समयमा अपनाउनुपर्ने सावधानी र सुरक्षाका उपाय तथा अनुशासनका बारेमा विद्यार्थीलाई सचेत गर्ने । | तत्काल | विद्यालय स्तरमा | प्रकोपको सिजन अनुसार | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ५ | विपद्को समयमा पठनपाठन निरन्तर गर्न आवश्यक तयारी गर्ने । | तत्काल | पालिका स्तरमा | प्रकोप अनुसार | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

## ३.४ आपत्‌कालीन प्रतिकार्य योजना

कुनै पनि प्रकोपबाट सिर्जित विपद्‌मा प्रतिकार्य गर्नका लागि मालारानी गाउँपालिका अन्तर्गत गठित सम्पूर्ण विषयगत क्षेत्रहरू परिचालनका लागि तपशिल बमोजिमका प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू तय गरिएको छ ।

**तालिका ३६: आपत्‌कालिन समग्र व्यवस्थापन, सूचना समन्वय, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना**

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|
| १ | आपतकालिन बैठकको आयोजना गर्ने | पुर्वानुमान भए पछि तत्काल | पालिकास्थित विपद व्यवस्थापन समिति |
| २ | विपद्‌जन्य घटना हुनसक्ने यकिन भएपछि नगर विपद् व्यवस्थापन समितिको बैठक बस्ने । प्रकोपले असर गर्नसक्ने समुदायलाई सुरक्षित स्थानमा बस्न, सर्नका लागि तत्कालै अनुरोध गर्ने । | पूर्वानुमान प्राप्त भएपछि तत्काल | पालिका स्थित विपद व्यवस्थापन समिति |
| ३ | जोखिममा रहेका समुदाय र उनीहरूको महत्वपूर्ण सम्पत्ति सामानहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि सुरक्षा निकाय र खोज तथा उद्धार टोली/कार्यदल परिचालन गर्ने । | पूर्वानुमान प्राप्त भएपछि तत्काल | पालिका स्थित विपद व्यवस्थापन समिति |
| ४ | विपद्‌मा परी घाईते भएकालाई उद्धार गर्ने र हराई रहेका व्यक्तिहरूको तथ्याङ्क तयार गरी खोजी कार्य जारी गर्ने । | विपद्‌को समयमा | सुरक्षा निकाय, खोज तथा उद्धार टोली/ कार्यदल र स्वयंसेवक |
| ५ | सर्वेक्षण टोली परिचालन भई तत्कालै घटनाको अवलोकन, निरिक्षण गर्ने र घटनाको अवस्थाको बारेमा नगर विपद् व्यवस्थापन समितिलाई जानकारी गर्ने साथै प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment-IRA) को प्रतिवेदन पेश गर्ने । | विपद् पश्चात | सर्वेक्षण टोली |
| ६ | विपद्‌बाट यदि कसैको मृत्यु भएमा सो को तथ्याङ्क तथा विस्तृत लगत कायम गरी सनाखत गर्ने व्यवस्था मिलाउने, शव हस्तान्तरण गर्ने । | विपद्‌को समयमा | पालिका स्थित विपद व्यवस्थापन समिति |
| ७ | घटनाको परिस्थितिको आधारमा पीडित समुदायलाई सम्भाव्य थप जोखिमबाट बचाउन र सहयोग पुऱ्याउन अन्य विषयगत क्षेत्रहरू र सरोकारवाला निकायसँग समन्वय गर्ने । | विपद् पश्चात | पालिका स्थित विपद व्यवस्थापन समिति |
| ८ | विस्तृत सर्वेक्षण गरी सबै विषयगत क्षेत्रहरूमा भएका क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरू समेटी सुझाव सहितको प्रतिवेदन नगर विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने । | विपद् पश्चात | सर्वेक्षण टोली |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|
